# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

साहित्यकार लक्ष्मीनन्दन शर्मा चालिसेको जन्म वि.सं. १९७० सालमा पं चक्रपाणि चालिसे र गायत्रीदेवी चालिसेको सन्तानको रुपमा भएको थियो । उनको पुर्ख्यौली घर हालको भक्तपुरको कटुञ्जे गा.वि.स. भए तापनि उनको जन्मचाहिँ काठमाडौँ नगरपालिकाको केल्ल टोलमा भएको थियो । उनी माताापिताका कान्छा छोरा थिए । उनका लेख रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् । उनका रचनाहरू अनुसन्धात्मक र विश्लेषणात्मक दृष्टिले उच्च कोटिका रहेका छन् । नेपाली साहित्यका क्षेत्रमा उनका योगदान रहे तापनि चालिसे ओझेलमा परेका छन् जुन यो अनुसन्धानले सम्बन्धित क्षेत्रका पाठक र विद्यार्थीका लागि समेत उपयुक्त स्रोत सामग्री बनेको छ । साहित्यकार लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनी, व्यक्तित्व कृतित्वको अध्ययन नै यस शोधपत्रको विषय रहेको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यका क्षेत्रमा लामो समय नपाएका साहित्यकार लक्ष्मीनन्दन शर्मा चालिसे छोटो समयमा पनि अनवरत रुपले साहित्य साधना गर्दै आएका विशिष्ट प्रतिभा लक्ष्मीनन्दन शर्मा चालिसे कविता, नाटक, कथा, निबन्ध, समालोचना र उपन्यासका क्षेत्रमा विशिष्ट स्थान राख्न सफल भएका छन् । बहुमुखी प्रतिभाका धनी साहित्यकार चालिसेले समसामयिक लेखन, महिला, किसान, व्यापार र संस्कृतिसँग सम्बन्धित लेखनमा कलम चलाएका छन् । नेपाली साहित्यमा सङ्ख्यात्मक तथा गुणात्मक दृष्टिले उनको  योगदान रहेको छ । विभिन्न साहित्यिक विधामा योगदान पुऱ्याउने चालिसेका बारेमा यसभन्दा पहिले उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रुपमा विस्तृत र सुव्यवस्थित तरिकाले अध्ययन भएको पाइदैन । नेपाली साहित्यको समालोचनाको इतिहास लेखनका क्रममा केही साहित्यकारहरुले उनका बारेमा सामान्य चर्चा मात्र गरेका छन् । यिनले आफ्नो साहित्यिक रचनाहरु ‘उद्योग’ पत्रिकामा पाइन्छ । किताबको रुपमा ‘एक जोर औँठी’ उपन्यास मात्र प्राप्त छ । यस्ता व्यक्तित्वको जीवनी, व्यक्तित्व र कृतित्वको प्राज्ञिक शोधबाट सत्यापन गरिनुपर्ने ज्ञानात्मक विषय हो । यो शोधकार्य यही मूल

समस्यासँग सम्बन्धित निम्नलिखित प्रश्नहरुको प्राज्ञिक समाधान पहिल्याउने कार्यमा केन्द्रित रहेको छ :

(क) लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनी र व्यक्तित्वको स्थिति कस्तो छ ?

(ख) तत्कालीन सामाजिक तथा शासन व्यवस्थाप्रति उनका प्रकाशित लेख, रचना उपन्यास विवेचना, विश्लेषणका दृष्टिले के कस्ता छन् ?

(ग) नेपाली साहित्यका क्षेत्रमा लक्ष्मीनन्दन शर्मा चालिसेको योगदान के-कस्तो रहेको छ ?

यस शोधपत्रमा यिनै मूलभूत समस्याहरूमा केन्द्रित रही ती समस्याहरूको समाधान खोज्ने प्रयास गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोध कार्यको उद्देश्य शोधकार्यमा सङ्केत गरिएका समस्याहरुको समाधान खोन्नु रहेको छ । त्यसकारण साहित्यकार लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनी,व्यक्तित्व र कृतित्वको निरुपण गरी नेपाली साहित्यमा उनको योगदानको मूल्याङ्कन गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ । प्रस्तावित शोध समस्याको समाधानमा आधारित उद्देश्यहरु यस प्रकार रहेका छन् :

(क) लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनी र व्यक्तित्वको र कृतित्वको स्थिति केलाउनु,

(ख) उनका प्रकाशित लेख रचनाबाट तत्कालीन सामाजिक तथा शासन व्यवस्थाप्रतिको दृष्टिकोण प्रस्ट पार्नु ।

(ग) नेपाली साहित्यका क्षेत्रमा लक्ष्मीनन्दन शर्मा चालिसेको के-कति योगदान रहेको छ भन्ने पत्ता लगाउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

लक्ष्मीनन्दन शर्मा चालिसे विभिन्न समविषम परिस्थितिमा पनि नेपाली साहित्य लेखनमा निरन्तर समर्पित नाम हो । उनले अति छोटो जीवन पाए जस्ले गर्दा उनका साहित्यिक रचनाहरु पनि कम नै रह्यो । जति रचनाहरु लेखे सबै ‘उद्योग’ पत्रिकामा छापिएका छन् ती रचनाहरुका बारेमा टीका टिप्पणीमा चालिसे नेपाली विविध विधामा साधनारत छन् भन्ने कुराको सामान्य

उल्लेख मात्र गरिएको छ । चालिसेको व्यक्तित्व र कृतित्वको बारेमा चर्चा गरिएका केही सन्दर्भहरु यहाँ प्रस्तुत गरिएका छन् :

पूर्वकार्यको समीक्षाका सन्दर्भमा तारानाथ शर्माले सम्पादन गरेको नेपाली साहित्यको इतिहास (१९७०-२००२) (पृ ९७) मा उनले लेखेका छन् । राणाशासनका अन्यायका विरोधी र शोषित अनि दरिद्र जनताका मित्र अत्यन्त प्रतिभाशाली पद्यकार गद्यलेखक लक्ष्मीनन्दन शर्मा चालिसेका यथार्थ चित्रण भएका सुन्दर पद्य कविताहरू उद्योगमा प्रस्ट देखिएका छन् । १९९२ साल चैत १५ गतेको उद्योगमा उनको ठूलो देश कुन हो ? भन्ने यस्तो सिलोक छापिएको छ ।

कैची कागज काष्य कौशल कला कौटा किला कीपट
कुम्हाले कवि काठ कर्मि कपडा कामी र कालीगड
कोदाली र कपास कुम्पु कुरिया कीसान कुवा कुलो
दिन्छन् काम ककार नै सब जहाँ त्यै देश जान्नु ठूलो

वर्णमात्रिक छन्दलाई राम्ररी खेलाउन खप्पिस भइसकेका कलेजका जिज्ञासु छात्र लक्ष्मीनन्दन शर्मा चालिसेले परीक्षामा नपुसंक राणाहरू लेखेकाले थुनिए र क्षयरोगले ग्रस्त भई मृत्यु भयो ।

ईश्वर बरालले सम्पादन गरेको हिमालचुली (२०१३) पृ १८, मा कविता सङ्ग्रह उल्लेख्य सामग्री बनेको छ । उनले लेखेका छन् : सिद्धिचरण र देवकोटाका समसामयिक कविताहरूमा हामी भीमनिधि तिवारी, लक्ष्मीनन्दन शर्मा, श्यामाराजा, बदरीप्रसाद आचार्य, युद्धप्रसाद मिश्र, गोपाल प्रसाद रिमाल, गोमा, हृदयचन्द्र सिंह प्रधान, माधव प्रसाद देवकोटा इत्यादिलाई देख्छौँ । लक्ष्मीनन्दन शर्मा चालिसेमा प्रस्ट साहित्यक सचेतना थियो तर क्रूर राणातन्त्रका ढिगुरामा तिनको जीवनशेष भयो ।

पुष्पराज चालिसेले सम्पादन गरेको नेपालको प्रजातान्त्रिक आन्दोलनमा भक्तपुरको भूमिका (वि.सं. १९९७-२०४७) २०५१ पृ. १२६ मा नेपालको जनआन्दोलन र भक्तपुरका शहीदहरू शीर्षकमा शहीद लक्ष्मीनन्दन शर्मा चालिसेलाई मनीषि साहित्यकारका रुपमा चिनाएका छन् । तत्कालीन राजनीति र समाजमा विद्यमान् विकृति एवं विसंगतिका विरुद्ध विभिन्न विधा खासगरी कविताका माध्यमद्वारा सशक्त आवाज उठाएका थिए । जसमध्ये “ज्यामी” र “लब्धे बौलाहा” उत्कृष्ट नमुना हुन् । उनले त्रिचन्द्र कलेजभित्रकै लेखन गतिविधिमा तत्कालीन शासकप्रति

आपत्ति जनक कुरा लेखका थिए र प्रगतिशील साहित्यकार रमेश विकलसँगको कुराकानीमा उहाँले त्रिचन्द्र कलेजभित्रै पुस्तकालय पनि खोलेबापत उनलाई राजकाज मुद्दा लगाई ६ वर्षको काराबास र अंश सर्वश्वको सजाय तोकी कैद गरिएको थियो ।

उनले कलेजको परीक्षाको प्रश्नोत्तरमा नपुंशक राणा लेखेको अभियोगमा राजकाज मुद्दा लगाई ६ वर्षको कारागार र अंश सर्वस्वको सजाय गर्ने श्री ३ जुद्धको निर्णयअनुसार जेल पठाइयो पछि श्री ३ पद्म शंमशेर बाट अंश सर्वस्वसम्म थामियो ।

उनले - वि.सं. १९९७ मा कलेजका विद्यार्थीहरूबीच गोलाप्रथाको आधारमा शीर्षक छानी निबन्ध प्रतियोगिता गराइएको थियो र उनलाई "हाम्रो कर्तव्य" शीर्षक परेको थियो । आफ्नो निबन्धमा विकसित मुलुकलाई जोडेर नेपाल पिछडिएको अवस्थामा रहनुको कारण यिनै नपुंशक राणाहरू हुन् र हाम्रो कर्तव्य तिनको पतन गराउनु हो भन्ने व्याख्या गरेका छन् । निबन्ध जाँच गर्ने बालकृष्ण शमशेरले यो कुरा माथि पुऱ्याए र सजाय दिए जसले गर्दा जेलमा जानु पऱ्यो ।

२००२ सालको जेठबाट बाहिर ल्याइयो । श्रावण कृष्ण द्वादशीका दिन दिवङ्गत हुन पुगे । त्यसैले उनलाई अग्रपङ्क्तिका युवा विद्यार्थी शहीद मान्न सकिन्छ । (पुष्पराज चालिसे नेपालको प्रजातन्त्रको आन्दोलनमा भक्तपुरको भूमिका (१९९७-२०४७)

प्रा.डा. वासुदेव त्रिपाठी (नेपाली कविता भाग ४ स.पा) पृ. १२३ मा लेखेका छन् प्रगतिवादी अभिरुचि ज्यादा नदेखाई स्वच्छन्दतावाद (१९९१-२०१६) का बीच र त्यसपछि पनि कतिपय पुराना कविहरूका साथ नयाँ कविहरू सृजनारत रहेका छन् । स्वच्छन्तावादी धाराका अन्य उल्लेख्य कविहरू र (कतिपय गीतिकवि) हुन् लक्ष्मीनन्दन चालिसे, मनदेव पन्त भीमदर्शन रोका, ऋषदेव शर्मा, जनार्दन सम, म.वी.बी. शाह, श्यामदास वैष्णव, फणीन्द्रराज खेताला, देवीप्रसाद पौडेल, वसन्तकुमार शर्मा, माधवलाल कर्माचार्य, उमानाथ शास्त्री, लक्ष्मण लोहनी, नीरविक्रम प्यासी, ठाकुरनाथ रिमाल आदि छन् ।

## १.५ शोधकार्यको औचित्य र महत्व

प्रस्तुत शोधपत्रको अध्ययनबाट साहित्यकार लक्ष्मीनन्दन शर्मा चालिसेलाई नेपाली साहित्यमा चिनाउने प्रयास गरिएको छ । यसभन्दा अगाडि चालिसेको बारेमा कुनै अध्ययन भएको छैन । यसै क्रममा नेपाली साहित्यको विकासमा उनले दिएको योगदानलाई व्यवस्थित रुपले प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । चालिसेको जीवनी, व्यक्तित्व र कृतित्वमा विस्तृत

अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएकाले यिनको बारेमा अध्ययन तथा अनुसन्धान गर्न चाहने जोसुकैलाई पनि यसबाट वस्तुगत जानकारी उपलब्ध हुनेछ ।

## १.६ क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रमा चालिसेको जीवनी र व्यक्तित्का विविध पक्षको अध्ययन गरिएको छ । त्यस्तै उनका प्रकाशित महत्वपूर्ण पुस्तक 'उद्योग' पत्रिकामा प्रकाशित कृतिहरुको परिचयात्मक र विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्दै उनका सम्पादित कृतिहरुको पनि परिचय दिने काम भएको छ । यहाँ चालिसेको फुटकर कविता, निबन्ध, कथा, प्रबन्ध र समालोचना रचनाहरुको समेत अध्ययन गरिएको छ । पत्र-पत्रिकामा प्रकाशित लेख रचनाहरुलाई यहाँ समावेश गरिएको छ । विभिन्न पत्रपत्रिकामा उनका लेख रचना प्रकाशित भए पनि प्रस्तुत शोधकार्यले चालिसेको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहिरो अध्ययन अनुसन्धान गरेको छ ।

## १.७ शोध विधि

प्रस्तुत शोधपत्रको शीर्षक साहित्यकार लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहेकाले त्यसका लागि आवश्यक पर्ने सामग्री सङ्कलनका क्रममा मुख्यतः दुईवटा विधि अपनाइएको छ ।

क) सामग्री सङ्कलन विधि

ख) विश्लेषण विधि

### क) सामग्री सङ्कलन विधि :

प्रस्तुत शोधपत्रको तयारीका लागि पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मूल आधार बनाएको छ । यस क्रममा साहित्यकार लक्ष्मीनन्दन शर्मा चालिसेका कृतिहरु तथा उनका बारेमा लेखिएका सूचनात्मक टिप्पणीहरुको अध्ययन गरिएको छ । चालिसेको जीवनी, व्यक्तित्व र कृतित्व पक्षको अध्ययन गर्न शोधनायकसँगको भेटवार्ता, विभागीय प्रमुखले दिएको मार्गनिर्देशन, त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरुसँगको सुझाव, मित्रहरुको सल्लाह, विभिन्न पत्रपत्रिकामा लेखिएका लेखहरुबाट आवश्यक सामग्री जुटाइएको छ । यसका अतिरिक्त उनका छोरा अच्युतनन्दन चालिसेले दिएका अन्तर्वार्ता र उनका घर परिवारका सदस्य तथा समवर्ती साहित्यिक मित्रहरुसँग भेटघाट, त्यसै गरी कटुञ्जे गा.वि.स.का विभिन्न समाजासेवी तथा

पुष्पराज चालिसेका परिवारहरु र विभिन्न यससँग सम्बन्धित व्यक्तिहरुसँगको प्रश्नोत्तर विधिद्वारा जानकारी लिइएको छ । त्यसैगरी चालिसेका सिर्जनात्मक कृति तथा सम्पादित कृतिका बारेमा लेखिएका भूमिका तथा मन्तव्यलाई पनि सहायक सामग्रीका रुपमा प्रयोग गरिएको छ । यस शोधपत्र तयारी गर्ने क्रममा पुस्तकालय अध्ययन पद्धतिको प्रयोग गरिएको छ ।

**ख) विश्लेषण विधि :**

प्रस्तुत शोधपत्रको विश्लेषणको प्रमुख आधार जीवनीपरक र कृतिपरक समालोचनालाई आधार बनाइएको छ । यहाँ परम्परित सैद्धान्तिक र व्यावहारिक समालोचना पद्धतिको समेत उपयोग गरी तथ्यपरक र वस्तुनिष्ठ तरिकाले अध्ययन गरिएको छ । साहित्यकार लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनी, व्यक्तित्व र कृतित्वको शोधपत्रमा उनका विविध पक्षलाई विभिन्न कोणबाट विश्लेषण गरिएकोछ ।

## १.८ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई छ परिच्छेदमा विभाजन गरी निम्न लिखित शीर्षकहरुमा विभाजन गरिएको छ :

१. पहिलो परिच्छेद - शोधपत्रको परिचय
२. दोस्रो परिच्छेद - लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनी
३. तेस्रो परिच्छेद - लक्ष्मीनन्दन शर्मा चालिसेको व्यक्तित्व
४. चौथो परिच्छेद - लक्ष्मीनन्दन शर्मा चालिसेको उपन्यास लेखन
५. पाँचौं परिच्छेद - लक्ष्मीनन्दन शर्मा चालिसेको कृतित्वको अध्ययन
६. छैटौं परिच्छेद - उपसंहार तथा निष्कर्ष

उपर्युक्त ६ वटा परिच्छेदहरुलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरुमा विभाजन गरिएको छ ।

## १.९ परिशिष्ट

१. अन्तर्वार्ता
२. सन्दर्भ सामग्री

# दोस्रो परिच्छेद
# लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनी

## २.१ लक्ष्मीनन्दन शर्मा चालिसेको सङ्क्षिप्त जीवनी

लक्ष्मीनन्दन शर्मा चालिसेको सङ्क्षिप्त जीवनीका विभिन्न पक्षहरूको अध्ययन क्रममा उनको जीवनीलाई विभिन्न शीर्षकहरूमा विभाजन गरी यहाँ तिनलाई सङ्क्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

लक्ष्मीनन्दन शर्मा चालिसेको जन्म वि.सं. १९७० सालमा चक्रपाणि चालिसे र गायत्री देवी चालिसेको सन्तानका रुपमा भयो । उनको पुर्ख्यौंली घर भक्तपुर जिल्लाको कटुन्जे गाउँ विकास समितिमा भए तापनि उनको जन्म काठमाडौं नगरपालिकाको केल्ल टोलमा भएको थियो । यिनी पं चक्रपाणि चालिसेका कान्छा छोरा हुन् । पं. चक्रापाणि चालिसेको एक जेठा छोरा छन् भने कान्छा छोरा लक्ष्मीनन्दन चालिसे हुन् । लक्ष्मीनन्दन शर्माले आफ्नो नाम पछाडि शर्मा लेखेको बारेमा उनका छोरा अच्युत नन्दन शर्मा चालिसे यसो भन्छन् : लक्ष्मीनन्दन शर्मा चालिसे निकै प्रतिभाशाली व्यक्ति थिए । यिनी ब्राह्मण कुल थर भएका चार वेद कण्ठ गर्न सक्ने प्रतिभाले सम्पन्न भएको हुँदा जरा पनि पलाएर आयो भन्ने गरिथ्यो । त्यसैले उनको यही विद्वताका आधारमा नामको पछाडि शर्मा जोडिएको हो ।

### २.१.२ बाल्यकाल र स्वभाव

लक्ष्मीनन्दन शर्मा चालिसे पुर्ख्यौंली घर भक्तपुर जिल्लाको कटुञ्जे गाउँ विकास समितिमा भए पनि उनको बाल्यकाल काठमाडौंमा वित्यो । मध्यमवर्गीय ब्राह्मण परिवारमा हुर्केका लक्ष्मीनन्दन शर्मा चालिसेको जन्म काठमाडौंको केल्लटोलमा भएको थियो । पं. चक्रपाणि चालिसे जहाँ डेरा गरी बस्थे, त्यहाँ नै लक्ष्मीनन्दन शर्मा चालिसेको बाल्यकाल बित्यो । उनले केल्ल टोल र काठमाडौंको गैरीधारा हुँदै कमलपोखरीमा आफ्नो बाल्यकाल बिताए । काठमाडौंको नजिक भक्तपुर भए पनि उनको जन्म र कर्मथलो तथा मरण पनि काठमाडौंमा नै भयो । यिनको स्वभाव अत्यन्त मिलनसार र गम्भीर एउटा कुरालाई धेरै गहिरिएर सोच्ने, स्पष्ट वक्ता,

शान्तप्रेमी, चराचुरङ्गीका सौखिन स्वभाव भएका थिए । यिनी कान्छा छोरा भए तापनि यिनको दाजु ९ वर्षमा मृत्यु भएकाले उनी कान्छा छोरा वा एक्लो छोरा हुन पुगे । यिनको जीवनमा कलिलै उमेरमा दाजुको निधन, अन्य पारिवारिक शोक जस्ता कारणले गर्दा यिनी निकै गम्भीर स्वभावका भए तर यिनी अत्यन्त मिलनसार र सहयोगी स्वभावका थिए । अरुको दुःखलाई आफ्नै दुःख सम्झने र अरुको दुःख हेर्न नसक्ने, आफूले सकेको सहयोग गर्नु पर्दा पछि नहट्ने, कसैलाई अन्याय भएको छ भने न्यायका लागि आवाज उठाउने, नेतृत्व गर्ने खुबी भएका व्यक्तित्व थिए ।

### २.१.३ शिक्षा दीक्षा

लक्ष्मीनन्दन शर्मा चालिसेका बाबु स्वयं संस्कृतका विद्वान् पण्डित भएकाले शिक्षा आर्जनका निम्ति उनलाई कतै जानुपरेन । घरमै आफ्ना बाबुबाट अक्षरारम्भ र प्राथमिक शिक्षा प्राप्त गरेका थिए । त्यतिबेला मुलुकमा शिक्षाको प्रचार-प्रसार जीवनमा नाम मात्रको थियो भने गाउँले जीवन समुचित शिक्षाबाट पूर्णतः वञ्चित थियो  जसले गर्दा शैक्षिक सामग्रीको अभावमा थुप्रै कठिनाइहरूको सामना गर्दै शिक्षा आर्जन गर्नुपर्ने त्यति खेरको समय थियो । अनौपचारिक शिक्षा घरबाट आरम्भ गरेर पद्मोदय विद्यालयमा विद्यालय स्तरको पढाइ पूरा गरेर उच्च शिक्षा हाँसिल गर्न त्रि-चन्द्र कलेजमा बि.ए.दोस्रो वर्ष अध्ययन गर्दै गर्दा जेल जीवन भोग्नुपऱ्यो र जेलबाट छुटेको केही समयपछि क्षयरोगबाट उनको मृत्यु भयो ।

यसरी लक्ष्मीनन्दन शर्मा चालिसेको विद्यार्थी जीवनलाई हेर्दा शुरुको अनौपचारिक शिक्षा बुबाबाट घरमै शिक्षा आर्जन गरे भने प्राथमिक, माध्यमिक विद्यालय स्तरको चाहिँ पद्मोदय स्कूलमा भयो । उच्च शिक्षाको लागि त्रि-चन्द्र कलेजमा बि.ए. दोस्रो वर्षसम्म अध्ययन गरेको देखिन्छ र बि.ए. दोस्रो वर्षको परीक्षामा राणाविरोधी लेख लेखेकाले उनले जेल जीवन बिताउनु पऱ्यो ।

### २.१.४ वयस्कता र कार्यक्षेत्र

घरमै आफ्नो पिता चक्रपाणि चालिसेबाट संस्कृत शिक्षा पाठ, भजन अनौपचारिक शिक्षा हाँसिल गरेका लक्ष्मीनन्दन शर्मा चालिसे मूलतः संस्कृत साहित्यबाट प्रभावित थिए । उनले शिक्षाको महत्त्व राम्ररी बुझेका थिए । आफूले मात्र शिक्षा ग्रहण गर्ने होइन कि अरुले पनि पढ्नुपर्दछ र शिक्षित बन्नुपर्दछ देश विकास गर्नका लागि साक्षरतामा वृद्धि आउनु पर्दछ, कुनै

पनि राष्ट्र समृद्धि हुनका लागि सम्पूर्ण जनता शिक्षित भएपछि मात्र देश विकास र समृद्धि हुन सक्दछ, धर्म संस्कृति, देशप्रेम र देशभक्तिको भावनासमेत उनमा प्रचुर मात्रामा देखिन्छ । तत्कालीन निरङ्कुश राणा शासनको परिवर्तन उनले आफ्नो कविता, विधाका माध्यमबाट गराउन प्रयास गरेका छन् । अध्ययन कालमा नै त्रि-चन्द्र कलेजमा स्नातक दोस्रो वर्षमा पढ्दै गर्दा उनले आफ्नो परीक्षाको कापीमा देश परिवर्तन र विकासका लागि राजनैतिक नेतृत्व परिवर्तन हुनुपर्दछ भनी तत्कालीन राणा शासनविरुद्ध जुन आवाज उठाए त्यही उनको मृत्युको कारण बन्यो । उनका बुबा पं. चक्रपाणि चालिसे सरकारी जागिरे थिए ।सरकारी जागिरका सिलसिलामा जहाँ बुबा सरुवा हुन्थे त्यहाँ-त्यहाँ जानुपर्ने भएको हुँदा लक्ष्मीनन्दन शर्मा चालिसे पनि बुवा सँग नै धेरै ठाउँमा जानुपऱ्यो र उनले शिक्षा पनि धेरै विद्यालयमा अध्ययन गर्न पुगे । धेरै ठाउँको परिवेशले गर्दा उनका लागि नयाँ ठाउँ साहित्य सृजनाका लागि प्रेरणाको स्रोत बन्यो ।

### २.१.५ विवाह दाम्पत्य जीवन

लक्ष्मीनन्दन शर्मा चालिसे आज्ञाकारी पुत्र थिए । उनको समयमा स्वेच्छाले आफ्नो जीवनसाथी चयन गर्न पाउँदैनथे । मातापिताको इच्छानुसार नै छोरा-छोरीको विवाह हुने चलन थियो । ज्योतिष शास्त्रमा अति विश्वास गर्ने भएकाले चिना हेराएर विवाह गरिएको थियो । लक्ष्मीनन्दन शर्मा चालिसेका पिता पण्डित चक्रपाणि चालिसे हुन् । पण्डित भएकाले पनि बढी ज्योतिष शास्त्रमा विश्वास गर्दथे । वि.सं. १९८२ सालमा सामान्य पण्डित दीनानाथ पोखरेलकी छोरी गिरिजादेवी पोखरेलसँग उनको मागी विवाह भएको थियो । उनको विवाह काठमाडौंको नक्सालमा विधिवत् रुपले भएको थियो ।

### २.१.६ पारिवारिक जीवन

लक्ष्मीनन्दन शर्मा चालिसेको र गिरिजादेवी पोखरेलसँग वि.सं. १९८२ सालमा विवाह भएको थियो । अर्को सन्तानको रुपमा जेठी छोरी रमा देवी चालिसे हुन् भने माइली छोरी विमला देवी चालिसे हुन् । चक्रपाणि चालिसेका दुई वटी छोरी छन् भन्ने एक मात्र छोरा लक्ष्मीनन्दन शर्मा चालिसे हुन् । जेठी छोरी रमादेवी चालिसे देवकोटा थर भएको भोटाहिटी निवासीसँग विवाह भएको थियो । माइली छोरी विमलादेवी चालिसेको विवाह आचार्य थर भएका

केटासँग विवाह भएको थियो । अर्की जेठी छोरी रमादेवीको मृत्यु भइसकेको छ भने माइली छोरी विमलादेवी आचार्य र छोरा अच्युतनन्द चालिसे जीवित हुनुहुन्छ ।

अच्युतनन्दन शर्मा चालिसेको जन्म वि.सं. १९९७ सालमा काठमाडौंको कमलपोखरीमा भयो । उनले पारिवारिक कारणले गर्दा उनले अध्ययन पूरा गर्न सकेनन् । साधारण लेखपढसम्मको शिक्षा हासिल गरेका छन् । उनले काठमाडौंको पद्मोदय स्कुलमा अध्ययन गरेका थिए । उनले स्कुल लिभिङ्ग सर्टिफिकेटसम्मको अध्ययन गरेका थिए ।

अच्युतनन्दन शर्मा चालिसेको विवाह २५ वर्षको उमेरमा गोपालप्रसाद पौड्यालकी छोरी सिनामङ्गल निवासी रश्मि पौड्यालसँग मागी विवाह भएको थियो । अच्युतनन्दन शर्मा चालिसेका तीन छोराहरू छन् ।

**१) अरुण चालिसे**

अच्युतनन्दन शर्मा चालिसेको जेठा छोरा अरुण चालिसे हुन् । ४६ वर्षका चालिसे निजी क्षेत्रमा कार्यरत छन् । उच्च शिक्षा हासिल गर्न नसके पनि उनले एसएलसीसम्मको अध्ययन पूरा गरेका छन् । हालसम्म उनी अविवाहित हुन् ।

**२) अशोक चालिसे**

अच्युतनन्दन शर्मा चालिसेका माइला छोरा अशोक चालिसे हुन् । ४४ वर्षीय अशोक पनि निजी क्षेत्रमा कार्यरत छन् । उनले पनि उच्च शिक्षा हासिल गर्न नसके तापनि प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन गरेका छन् । उनले पनि हालसम्म विवाह गरेका छैनन् ।

**३) अनिल चालिसे**

अच्चुनन्दन शर्मा चालिसेको कान्छा छोरा अनिल चालिसे हुन् । उनको उमेर ३८ वर्षको भएको छ । यिनले पनि उच्च शिक्षा हासिल गर्न सकेका थिएन् । उनले एसएलसी सम्मको शिक्षा हाीसल गरेका छन् । यिनी बौद्धस्थित ह्यात होटलमा कार्यरत छन् । यिनको मात्र विवाह भएको छ । अर्याल थर भएकी सवितासँग विवाह भएको हो । उनका एक मात्र छोरी छिन् । उनकी ८ वर्षकी छोरी अन्वेशा चालिसे नजिकको निजी विद्यालयमा अध्ययनरत छिन् ।

### २.१.७ पारिवारिक आर्थिक अवस्था

लक्ष्मीनन्दन शर्मा चालिसेको आर्थिक अवस्था सम्पन्न थिएन । मध्यमवर्गीय परिवारमा जन्मेका लक्ष्मीनन्दन शर्मा चालिसेको आर्थिक अवस्था सुरुदेखि हालसम्म परिवर्तन भएको छैन । आर्थिक अवस्था कमजोर रहेको छ । पं चक्रपाणि चालिसे एकजनाको जागिरेले गर्दा उनले आर्थिक अवस्थालाई परिवर्तन गर्न सकेनन् । कमाउने एकजनाले सम्पूर्ण परिवारलाई पाल्नुपर्ने भएको हुँदा उनले जीवनमा खासै परिवर्तन गर्न सकेनन् । सधैँ अभाव अभावमा नै जीवन बिताउनु पर्‍यो । आम्दानीको अभावले गर्दा डेरामा बस्नपर्‍यो भने कहिले कहाँ, कहिले कहाँ बस्ने टुङ्गो रहेन । आफ्नो एउटा घर बनाउने उनको पनि चाहना थियो तर पूरा हुन सकेन । जग्गाजमिन पनि खासै रहेको छैन । पारिवारिक आर्थिक अवस्था नाजुक रहेको थियो ।

जब पं. चक्रापाणि चालिसेको मृत्यु भयो तब उनीहरूले घरको ऋण तिर्न नसकेको हुँदा बिक्री गरी डेरामा बस्नुपरेको थियो । आर्थिक अवस्था कमजोरीको कारणले डेरामा पनि बस्न गाह्रो भयो र मामाघरमा शरण लिएर बसेका थिए । उनीहरुले चाबहिल स्थित मामाघरमा ८ वर्ष जति शरण लिएर बसे । कहिले कहाँ, कहिले आफ्नो नाता पर्ने कहाँ गरी २८ वर्ष बसे । २०५४ सालदेखि महाँकाल चावहिलमा दुई तलाको घर किनेर उनीहरु बसिरहेका छन् ।

### २.१.८ बसोबास तथा आजीविका

आफ्नो पुर्ख्यौली घर भक्तपुर जिल्लाको कटुञ्जे गाउँ विकास समितिमा भए पनि उनको जन्म काठमाडौं जिल्लामा भएको थियो । उनको बाल्यकाल पनि काठमाडौंमा नै बित्यो । उनका साथीहरूमा कमलमणि दीक्षित पनि अत्यन्त मिल्ने सहपाठी हुन् । जेलजीवनमा उनका साथीहरू गणेशमान सिंह, चन्द्रमान मास्के, रामहरि शर्मा, टंकप्रसाद आचार्य सहपाठी हुन् । भाग्यमाथि विश्वास गर्ने लक्ष्मीनन्दन शर्मा चालिसेका रचना चिठ्ठाबाट पनि स्पष्ट हुन्छ । धर्म, संस्कृति र शिक्षा आदिको उत्थान गर्नका निम्ति नेपालका विभिन्न ठाउँमा बसोबास गर्दै आएका थिए ।

### २.१.९ पितृ-भ्रातृ वियोग

लक्ष्मीनन्दन शर्मा चालिसेले जीवनमा धेरै वियोगहरू भोल्नु पर्‍यो । हुनत जीवनमा जन्मे पछि मृत्यु अवश्य हुन्छ । यो प्रकृतिको नियम नै हो तर लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनमा परिवारका एक पछि अर्को सदस्यको मृत्युले कष्ट दियो । बुबा, आमा, दिदी, श्रीमती लगायत

परिवारका सदस्यको मृत्युले गर्दा उनको जीवन धेरै कष्टकर हुन पुग्यो । उनले कलिलै उमेरमा जेल जीवन बिताउनुपर्‍यो । जेलमा धेरै यातना भोगेको कारणले गर्दा अन्ततः क्षयरोगले ग्रस्त हुन पुगे र उनको मृत्यु भयो ।

## २.१.१० भ्रमण

लक्ष्मीनन्दन शर्मा चालिसेको जीवन नै अति छोटो रह्यो जसले गर्दा उनको साहित्यिक यात्रा, राजनीतिक यात्रा, अन्य विविध क्षेत्रको यात्रा अति छोटो रह्यो । उनले अध्ययनको क्रममा नेपालका विभिन्न क्षेत्रमा भ्रमण गरेका छन् । विशेषगरी चक्रपाणि चालिसेको जागिरको सरुवा धेरै ठाउँमा हुँदा उनी पनि सँगै जाने हुँदा धेरै स्थानको भ्रमण गर्ने अवसर प्राप्त गरेको थियो । नेपालको धेरै रमणीय स्थानमा जाने अवसर प्राप्त गरे जसले गर्दा नयाँ ठाउँ, नयाँ परिवेशले उनको साहित्य रचनाको  लागि प्रेरणा, उत्साह बनेको छ । ती ठाउँको भ्रमणका कारण कृति रचना गर्न सजिलो बनाइदिएको छ । उनले भारतको विभिन्न भागमा घुम्ने अवसर प्राप्त गरेका छन् । जसको प्रेरणा उनका कवितामा, रचनाहरूमा देखिन्छ । भ्रमणको सिलसिलमा उनले नयाँनयाँ अनुभवहरू बटुल्ने मौका पाए । त्यसैको प्रभाव र प्रेरणाले गर्दा उनलाई साहित्य सृजना गर्न सजिलो भएको छ । यो यात्राको वास्तविक सफलता हो भन्ने विचार लक्ष्मीनन्दन शर्मा चालिसेको रहेको छ ।

## २.१.११ रुचि

लक्ष्मीनन्दन शर्मा चालिसेको खास रुचि साहित्य सृजनाका साथ राजनीतिमा पनि त्यतिकै थियो । अन्याय गर्नु र सहनु भनेको दुवै सजायका बराबर हुन्छ । अरुको दुःख हेर्न नसक्ने स्वभाव उनमा पाइन्छ । अन्याय, अत्याचार, शोषणलाई सहनु हुँदैन त्यसको विरुद्धमा उठ्नु पर्दछ, लेख्नु पर्दछ र आवाज उठाउनु पर्दछ भन्ने उनको विचार रहेको पाइन्छ । राष्ट्रप्रतिको प्रेम उनको रुचि हो । देश झन्झन् अविकसित हुँदै गएको छ वा देश धेरै पछाडि परेको छ । अन्याय, अत्याचार भ्रष्टाचारीले व्यापकता प्राप्त गरेको पाइन्छ त्यसलाई निर्मूल गर्नु पर्दछ भन्ने उनको विचार थियो । निरङ्कुश राणा शासन र जनतालाई गरिएको दमनको विरुद्ध आवाज उठाउने जसले विकसित राष्ट्रका जनतालाई तुलना गर्दै नेपाली जनाको अज्ञानता, अशिक्षा, पछौटेपन सबै कारण राणा शासन हो । यसलाई नफालिकन देश र जनता समृद्ध हुन सक्दैनन् भन्नेबाट उनको प्रगतिशील सिद्धान्त स्पष्टै झल्किन्छ ।

### २.१.१२ सम्मान र पुरस्कार

लक्ष्मीनन्दन शर्मा चालिसेको साहित्यक यात्रा धेरै कम रह्यो । उनको जीवन नै छोटो रहेकाले उनले चाहेको जति साहित्यिक र राजनीतिक क्षेत्रमा सेवा गर्न पाएन् । उनको साहित्यिक यात्रा पनि कम भएको हुँदा साहित्यक योगदान खासै पाइएन जसले गर्दा उनले पुरस्कार तथा सम्मान ग्रहण गर्ने अवसर पाएनन् ।

### २.१.१३ लेखन, लेखनका निम्ति प्रेरणा र प्रभाव

लक्ष्मीनन्दन शर्मा चालिसेको लेख्ने मानसिकताको निर्माणमा आन्तरिक तथा बाह्य कारणहरू रहेका देखिन्छन् । आन्तरिक रुपले परम्परागत आदर्शवादी संस्कारको उल्लेख्य प्रभाव रहेको देखिन्छ भने बाह्य कारणका रुपमा सरसङ्गत तथा पारिवारिक प्रेरणा रहेको पाइन्छ । उनको अध्ययन पूर्वीय इतिहासशास्त्र हुँदै गएको छ । यसो हुनुमा पूर्वीय दर्शनका विद्वान पिता पं. चक्रपाणि चालिसेको प्रभाव र संस्कृत शिक्षाप्रतिको तीव्र रुचि नै मुख्य देखिन्छ । उनको पिताबाट शुरुको दिनमा घरमा नै प्रारम्भिक संस्कृत शिक्षा प्राप्त गरेका पं चक्रमाणि चालिसे एक वरिष्ठ साहित्यकार भएका हुँदा लक्ष्मीनन्दन शर्मा चालिसेले शिक्षा आरम्भ घरमा बुबाको रेखदेख मै भएको थियो । बुबा चक्रपाणि चालिसेको सृजनाबाट अत्यन्त प्रभावित भएर लक्ष्मीनन्दन शर्मा चालिसेले पनि सृजना गर्न थाले । त्यसैले लक्ष्मीनन्दन शर्मा चालिसेको साहित्यक प्रेरणा बुबा पं. चक्रपाणि चालिसेलाई नै मानिन्छ । यसरी हेर्दा साहित्य सिर्जनका लागि अर्थात् लेखनका लागि लक्ष्मीनन्दन शर्मा चालिसेका सारिवय प्रेमीहरू र साहित्यप्रतिको उनको तीव्र अभिरुचिले समेत प्रभाव पारेको देखिएको छ । पारिवारिक साहित्यक वातावरण, विद्या अध्ययन तथा उनले पाएको सर सङ्गत र उनको अनेक विधासँगको सम्पर्कलाई हेरेर उनको सिङ्गो जीवनलाई अध्ययन गर्दा उनी पूर्णतः पूर्वीय परम्पराबाट तथा मान्यताबाट अभिप्रेरित छन् । यसर्थ उनका रचनामा यिनै पूर्वीय मूल्य मान्यताको प्रभाव देखिन्छ । नैतिक उपदेश, आदर्शपरक अभिव्यक्ति उनका रचनाका भरिपूर्ण भएका छन् । राष्ट्रवादी चिन्तन बोकेको लक्ष्मीनन्दन शर्मा चालिसे सामाजिक सुधारवादी आवाज प्रशस्त मात्रामा पाइन्छ । उनको कलेजमा जाँदा समयमा उनका शिक्षक र विद्यार्थीबाट साहित्य लेखनका लागि प्रेरणा प्राप्त गरेका छन् जसले गर्दा त्रि-चन्द्र कलेजमा उनको निबन्धको शीर्षक 'कर्तव्यमा' नेपाली जनता पछाडि पर्नुको कारण राणा शासन, हो त्यसको लागि निरङ्कुश राणा शासनको पतन नै देश र जनताको उत्थान हो जस्ता निबन्धका मार्फत उनको राष्ट्रवादी भावना प्रस्ट हुन्छ ।

### २.१.१४ लक्ष्मीनन्दन शर्मा चालिसेको साहित्यिक लेखनको यात्रा

बुबा पं. चक्रपाणि चालिसे एक स्थापित साहित्यकार भएका कारण लक्ष्मीनन्दन शर्मा चालिसेको घरमा साहित्यक वातावरण थियो जसले गर्दा उनले आफ्नो साहित्यक यात्रा घरबाटै शुरुबाट भयो । लक्ष्मीनन्दन शर्मा चालिसेको पढाइ बुबाको हेरविचारमा भएको हुँदा घरमा साहित्यक वातावरणले गर्दा उनले फुटकर कविता घरबाट लेख्न थाले । अनौपचारिक शिक्षा घरबाट ग्रहण गरेपछि उनले पद्मोदय माध्यमिक विद्यालयमा अध्ययन गरे । जस्तोसुकै परिस्थितिमा पनि लेख्न नछाड्ने चालिसेले विद्यालयमा विभिन्न लेख, कविता, निबन्ध नाटक, कथा र उपन्यास लेखेका थिए । छोटो जीवनमात्र भोग्न पाएका लक्ष्मीनन्दन शर्मा चालिसे समयलाई उपयोग गर्दै सिर्जना र लेखन क्षेत्रमा सक्रियरुपमा संलग्न भई आफ्नो पहिचान बनाएका व्यक्तित्व हुन् । उनले लेखनका क्रममा कविता, गीत, संस्करण, निबन्ध, उपन्यास, प्रबन्ध, जस्ता विभिन्न विधामा कलम चलाएका छन् । चालिसेका साहित्यक लेखहरु ‘उद्योग’ पत्रिकामा प्रकाशित छन् भने कति लेखनमा मात्र सीमित भए तर छापिन पाएनन् । यसरी लेखनका विविध विधामा कलम चलाएर चालिसेले आफूलाई साहित्यकारका रुपमा परिचित गराएका छन् ।

लक्ष्मीनन्दन शर्मा चालिसेको सार्वजनिक जीवनको सुरुवात साहित्य क्षेत्रबाट भएको थियो । वि.सं. १९७० सालमा जन्मिएका चालिसेको मृत्यु २००२ सालमा भएको थियो । यति छोटो समय मात्र बाँचेका चालिसेका साहित्यक यात्रा पनि लामो रहेन । उनले जे-जति लेखे अधिकांश साहित्यक रचना **उद्योग** पत्रिकामा छापिएका छन् । उनले घरबाट कविता लेखेर आफ्नो साहित्यक यात्रा शुरु गरेका थिए । उनले फुटकर कविता, कथा, निबन्ध, नाटक र ‘एक जोर औँठी’ नामक उपन्यास प्रकाशित भएका छन् ।

### २.१.१५ लक्ष्मीनन्दन शर्मा चालिसेको कविता यात्रा

१. वि.सं १९९२ साल पुष १ गते देखि माघ १ गते सम्म वर्ष १ मा ‘महुरी रानी ’शीर्षक कविता ‘उद्योग’ पत्रिकामा छापिएको कविता हो । यस कवितामा २४ ओटा श्लोक रहेका छन् । असाध्य मिहिनेती र समूहमा काम गर्ने किरामा रुपमा चिनिने माहुरीको वर्णन गरिएको छ । कहिल्यै अल्छी नगर्ने, सधैँ फुर्तीसाथ परिश्रम गर्ने माहुरीबाट मानिसले पनि सिक्नुपर्छ भन्ने सन्देश यस कविताले दिएको छ ।

२. वि.सं १९९२ साल माघ १५ गते वर्ष १ सङ्ख्या ८ मा 'चिट्ठा' शीर्षक कविता एक हास्यव्यङ्ग्य कविता हो । गीति लयका २० ओटा पङ्क्तिमा रचना गरिएको यस कवितामा स्वयम् लेखकले आफैँमाथि व्यङ्ग्य गरेका छन् ।

३. वि.सं १९९२ साल पुष १ गते देखि माघ १ गते सम्म वर्ष १ 'उद्योग' पत्रिकाको सङ्ख्या ९/१०/११ मा 'यो र ऊ को' शीर्षक कविता छापिएको छ । यस कवितामा १३ श्लोक रहेका छन् । यस कवितामा उपजाति छन्द गरिएको छ । यस कवितामा 'यो' सर्वनामले मानिस र 'ऊ' सर्वनामले जङ्गललाई जनाएको छ ।

४. वि.सं १९९२ साल फागुन १५ गते वर्ष १ सङ्ख्या १४ 'उद्योग' पत्रिकामा 'होरी' शीर्षक कविता छापिएको छ । होरी भनेको वर्तमान सन्दर्भमा होली फागु पर्व हो । यसका अवसरमा आपसी भाइचारा वृद्धि गर्ने अवसर प्राप्त हुने भए पनि त्यसमा भित्रिएका खराब प्रकृतिहरुले यसलाई दूषित बनाएका छन् । लक्ष्मीनन्दन शर्मा चालिसेको विचारमा होरीलाई असल पर्वको रुपमा विकास गर्नुपर्ने मत रहेको छ ।

५. वि.सं १९९२ साल चैत १ गते वर्ष १ सङ्ख्या १५ 'उद्योग' पत्रिकामा 'सूर्य' शीर्षको कविता छापिएको छ । एक श्लोक मात्र आयाम भएको यस कवितामा सूर्यको वर्णन गर्दै त्यसबाट हामीले लिनुपर्ने शिक्षा के हो ? भन्ने प्रश्न छाडेका छन् । भगण, रगण, नगण र तीन ओटा यगण भएको सुधरा छन्दका एक श्लोकमा चार पाउ छन् ।

६. वि.सं १९९२ साल चैत १५ गते वर्ष १ सङ्ख्या १६ 'उद्योग' पत्रिकामा 'ठूलो देश कुन हो' शीर्षक कविता छापिएको छ । यस कवितामा शार्दूलविक्रीडित छन्दमा प्रयोग गरिएको छ । यस कवितामा जम्मा ३४ शब्द छन् ।

७. वि.सं १९९३ साल आषाढ १५ गते वर्ष १ सङ्ख्या २२ 'उद्योग' पत्रिकामा 'वर्षा' शीर्षकको कविता छापिएको छ । यसमा वर्षाको महत्व वर्णन गर्नुका साथै किसानको पनि महिमागान गरिएको छ । दुईदुई हरफका दश गीति श्लोक भएको यस कवितामा वर्षा ऋृतुको प्राकृतिक वर्णन गरिएको छ ।

८. वि.सं १९९३ साल आश्विन १५ गते वर्ष २ सङ्ख्या २ 'उद्योग' पत्रिकामा 'प्यारो कलम' शीर्षक छापिएको छ । चार पाउका ४ श्लोक गरी जम्मा ३६ पङ्क्ति रहेको यो कविता खिखरिणी छन्दमा रचना गरिएको छ । जस्तोसुकै परिस्थितिमा पनि आफू कलम नछाड्ने शर्माको सङ्कल्प पनि यस कवितामा अभिव्यक्त छ ।

९. वि.सं १९९३ साल कार्तिक वर्ष २ 'उद्योग' पत्रिकाको संख्या ४।५ मा 'दीपावली' शीर्षक कविता छापिएको छ । 'दीपावली' तिहारको रमझमको वर्णन गरिएको छ । तिहारमा पूजा गरिने सबै देवदेवी, पशुपंक्षी आदिका वन्दना यस कवितामा गरिएको छ । मालिनी छन्दको प्रयोग गरी चार पाउको एक श्लोक हुने जम्मा दश श्लोकमा कविता रचना गरिएको छ । चाडपर्वमा भगवानको पूजा गरिने र मानिसहरुबीच आपसी प्रेम, सदाचार र हर्षोल्लास साटिने सन्दर्भ वर्णन गरिएको छ ।

१०. वि.सं १९९३ साल कार्तिक वर्ष २  सङ्ख्या छ मा 'उद्योग' पत्रिकामा 'प्रश्नोत्तरी' शीर्षक कविता छापिएको छ । यसमा मानिसलाई उत्तम जीवन बाँच्ने तरिका प्रश्नोत्तर शैलीमा बनाएको छ । प्रत्येक श्लोकको सुरुको पाउमा प्रश्न र बाँकी तीन पाउमा उत्तर दिइएका छन् । यस्ता प्रश्नोत्तर गरिएका जम्मा १० ओटा श्लोकमा यो कविता सिर्जना भएको छ । द्रूतविलम्बित छन्दमा लेखिएको यस कविताले मानिसलाई असल, आदर्श र अनाशक्त योगी (कर्मयोगी) बन्न नैतिक उपदेश दिएको छ ।

११. वि.सं १९९३ साल पुष वर्ष २ सङ्ख्या ८ मा 'उद्योग' पत्रिकामा 'खर्पन' शीर्षक कविता छापिएको छ । यस कवितामा सामान बोक्ने खर्पनलाई मानवीकरण गरी उसैलाई सम्बोधन गरिएको छ । मानिसको सहयोगीका रुपमा खर्पनको गुणबखान गरिएको छ ।

१२. वि.सं १९९३ साल कार्तिक वर्ष २ 'उद्योग' पत्रिकामा सङ्ख्या १३ मा 'आशीर्वाद पुष्पाञ्जली' शीर्षकको कविता छापिएको छ । यो एक परिष्कारवादी शैलीको स्तुति कविता हो । तत्कालीन राजा त्रिभुवनको राज्याभिषेकको रजत महोत्सवको अवसरमा यस कविताको रचना गरिएको छ । अतिशयोक्तिपूर्ण तरिकाले उनको महिमागान गरिएका चार-चार पाउका दश ओटा श्लोकमा यो कविता रचिएको छ ।

१३. 'शुभकामना' शीर्षकको कविता **उद्योग** पत्रिकामा १९९३ श्रावण वर्ष १ सङ्ख्या २३ छापिएको हो । यस कवितामा ३ श्लोक छन् । नगण र तगण दुई गुरु गरी एघार अक्षर हुने उपेन्द्रवज्रा तथा दुईवटा तगण, जगण र दुई गुरु गरी त्यति नै अक्षर हुने इन्द्रवज्रा छन्दमिली बनेको उपजाति छन्दमा यो कविता रचना गरिएको छ ।

### २.१.१६ लक्ष्मीनन्दन शर्मा चालिसेका कथा यात्रा

क) भिखारीसँग केको भिख ? नामक कथा पनि उद्योग पत्रिकामा संवत् १९९२ साल चैत्र १५ गते वर्ष १ सङ्ख्या १६ मा छापिएको छ । यो कथा आदर्शवादी कथा हुन् यस

कथामा मानिसले साथीको अपमान गर्नु हुँदैन, मित्रतामा कोही सानो ठूलो हुँदैन भन्ने सन्देश रहेको छ ।

ख) 'भोक' शीर्षक कथा **उद्योग** पत्रिकामा संवत् १९९२ साल चैत्र १५ गते वर्ष १ सङ्ख्या १६ मा छापिएको कथा हो यो एक सामाजिक यथार्थवादी कथा हो । भोक शीर्षक कथा कुनै ग्रामीण क्षेत्रमा सामान्य किसान परिवारमाथि सङ्कटका बेलामा सरकारले सहयोग गर्नुका साटो झन् यातना र प्रताडना दिएको विषय रहेको छ ।

ग) 'बालविधवा' शीर्षक कथा **उद्योग** पत्रिका संवत् १९९२ साल चैत्र १५ गते वर्ष १ सङ्ख्या १६ मा छापिएको कथा हो । यो कथा सामाजिक यथार्थवादी कथा हो । यस कथामा उनले बालविवाहको परिणामबाट अवोध बालिकाहरु विधवा हुनुपरेको सामाजिक यथार्थ प्रस्तुत गरेका छन् ।

समग्रमा लक्ष्मीनन्दन शर्मा चालिसेको कथाकारितालाई हेर्दा उनको कथाकारिता आदर्शबाट सुरु भई सामाजिक यथार्थवादमा टुङ्गिएको देखिन्छ । सङ्ख्याका हिसाबले थोरै कथा लेखेको भए तापनि गुणात्मक हिसाबले ओजपूर्ण र उत्कृष्ट कथाहरु रहेका छन् ।

### २.१.१७ लक्ष्मीनन्दन शर्मा चालिसेका निबन्ध यात्रा

१) 'सच्चरित्रता नै उन्नतिको मूल हो' शीर्षक निबन्ध शर्माको उद्योग पत्रिकामा संवत् १९९२ पौष १ गते देखी माघ १ गतेसम्म वर्ष १ सङ्ख्या ९/१०/११ मा छापिएको छ । चालिसेले हाल स्खलित हुँदै गएको मानिसको चरित्रप्रति खेद र चिन्ता व्यक्त गरेका छन् । विद्यार्जनको अर्थ पैसा कमाउनु मात्र होइन् चरित्रवान् बन्नु हो ।

२) वि.सं १९९२ साल कार्त्तिक १५ गते वर्ष १ सङ्ख्या ५/६ 'उद्योग' पत्रिकामा 'पैसा' शीर्षक निबन्ध छापिएको छ । यस निबन्धमा निबन्धकारको विचार पनि मिसिएको छ । पैसा मानिसको लागि नभई हुँदैन । पैसा महत्वपूर्ण भए पनि त्यो सारै दुर्लभ वा दुसाध्य वस्तु होइन ।

३) 'व्यापार' शीर्षक निबन्ध उद्योग पत्रिकामा संवत् १९९२ मार्ग १५ गते वर्ष १ सङ्ख्या ८ छापिएको निबन्ध हो । व्यापार निबन्ध एक वस्तुपरक निबन्ध हो । यसमा निबन्धकारको परिचय, महत्व र आवश्यकता प्रस्तुत गरेका छन् ।

४) 'व्यापारको प्रचार कसरी गर्ने' शीर्षक निबन्ध उद्योग पत्रिकामा संवत् १९९२ फागुन १५ गते वर्ष १ सङ्ख्या १४ छापिएको निबन्ध हो । यो एक व्यावसायिक प्रबन्ध हो । यस निबन्धमा चालिसेले व्यापारीले आफ्नो सामानको प्रचार कसरी गरेमा धेरै ग्राहक आकर्षित गरी व्यापार बढाउन सकिन्छ भन्ने केही उपाय बताएका छन् ।

५) 'व्यवसाय' शीर्षक निबन्ध उद्योग पत्रिकामा संवत् १९९२ पौष १ गतेदेखि माघ १ गतेसम्म वर्ष १ सङ्ख्या ९/१०/११ छापिएको हो । व्यवसायविना कोही सफल बन्न सक्दैन । व्यवसाय नगर्ने अल्छी मानिस सधैं दरिद्र हुन्छ ।

६) वि.सं १९९३ साल आश्विन १ गते वर्ष २ सङ्ख्या १ 'उद्योग' पत्रिकामा 'किन रुन्छौ' शीर्षक निबन्ध शर्माको विचारप्रधान निबन्ध हो । यसमा पूर्वीय दर्शनअनुसार मानिसको दु:खको कारण र त्यसबाट मुक्त हुने उपाय बताइएको छ । गीताको दर्शनअनुसार निष्काम कर्म गर्न र अनाशक्त हुन पाठकलाई आग्रह गरिएको छ । ब्रह्मा सत्य जगत् मिथ्या भन्ने उक्तिको सारभाव नै यस निबन्धको उद्देश्य हो ।

७) वि.सं १९९३ साल माघ १५ गते वर्ष २ सङ्ख्या १० 'उद्योग' पत्रिकामा 'विनय' शीर्षक निबन्ध शर्माको दार्शनिक निबन्ध हो । यसमा उनले जीवनमा ज्ञानले विनय ल्याउने र अल्पज्ञान वा अज्ञानले अहङ्कार बढाउने कुरा गरेका छन् । विनय भनेको अहङ्कारको उल्टो हो ।

८) वि.सं १९९३ साल कार्तिक १ गते वर्ष २ सङ्ख्या ३ 'उद्योग' पत्रिकामा 'प्रतिभाको दान' शीर्षक शर्माको आध्यात्मिक विचारले युक्त निबन्ध हो । यस निबन्धमा सबै मानिसमा कुनै न कुनै प्रतिभा हुने तर उपयुक्त वातावरण विना ती प्रतिभा फस्टाउन नपाउने यथार्थ अभिव्यक्ति गरिएको छ ।

९) 'मौका आउँछ पर्खदैन' शीर्षक शर्माको उद्योग पत्रिकामा संवत् १९९३ श्रावण १ गते वर्ष १ सङ्ख्या २३ छापिएको निबन्ध हो । यो निबन्धले जुनसुकै कामको पनि खास मुहूर्त हुने विचार व्यक्त गरेका छन् । त्यस्तो मूहुर्तमा काम गर्न नसक्ने व्यक्तिले कहिले पनि प्रगति गर्न सक्दैनन् ।

१०) वि.सं १९९३ साल कार्तिक १५ गते देखि माघ १ गते सम्म वर्ष २ सङ्ख्या ४/५ 'केरा' शीर्षक शर्माको उद्योग पत्रिकामा छापिएको छ । यस निबन्धमा लेखकले 'केरा खेती' कसरी गर्ने भन्ने जानकारी प्रस्तुत गरेका छन् । केराको प्रकृति, जीवनचक्र, अङ्गप्रत्यङ्ग र विशेषताको वर्णन गरिएको छ ।

### २.१.१८ लक्ष्मीनन्दन शर्मा चालिसेका उपन्यास यात्रा

लक्ष्मीनन्दन शर्मा चालिसेले उपन्यास विधामा पनि कलम चलाएका छन् । उनको 'एक जोर औठी' उपन्यास एक शिक्षाप्रद रोचक उपन्यास हो । शर्माको यो उपन्यासको प्रकाशक-सम्पादक सूर्यभक्त जोशी ले गरेको छ ।

'एक जोर औँठी' उपन्यास ठहिटी भगवती प्रेस नेपालले छापेको हो । प्रेसले प्रथम पटक ५०० प्रति छापेको थियो । यो उपन्यास एक आदर्शवादी उपन्यास हो । मानिसलाई, उसका क्रियाकलापलाई तथा समग्र सांसारिक सत्यलाई ईश्वरको लीलाका रुपमा चित्रण गरिएको यस उपन्यासमा भाग्यवादी चिन्तनको प्रतिपादन गरिएको छ । मानिसको भाग्य, ग्रहदशा र ज्योतिषीय गणानाका आधारमा मानिसले के गर्नु हुन्छ, के गर्न हुँदैन भनी छुट्याउनुपर्ने र ज्योतिषले ठम्याएअनुसार गर्नुपर्ने भाग्यवादी दृष्टि पनि यसमा प्रस्तुत गरिएको छ । मानिस आफैं केही गर्न सक्दैन सबै ग्रहदशा र ईश्वर लिखित भाग्य रेखामा भरपर्छ भन्ने दृष्टि यसमा आएको छ ।

**निष्कर्ष :**

लक्ष्मीनन्दन शर्मा चालिसेको साहित्यिक यात्रा खासै लामो नभए पनि उनलाई समयले जे-जति साथ दियो कविता, निबन्ध, कथा प्रबन्ध र उपन्यासका क्षेत्रमा उल्लेखनीय योगदान दिए । अत्यन्त छोटो समय मात्र जीवन भोग्न पाएका शर्माले दिएको सिर्जनाबाट नेपाली साहित्यमा उल्लेखनीय योगदान रहेको पाइन्छ ।

# तेस्रो परिच्छेद
# लक्ष्मीनन्दन शर्मा चालिसेको व्यक्तित्व

## ३.१ सामाजिक व्यक्तित्व

सामाजिक जीवनयापनका क्रममा समाजसँग सम्बद्ध भएर त्यस समाजको विकास र रुपान्तरणका लागि समर्पित हुने क्रममा सामाजिक व्यक्तित्वको निर्माण हुन्छ । समाज र राष्ट्रका विविध कार्यमा आफूलाई सरिक गराएर र समाजको उत्थानका लागि सामाजिक संघ-संस्थामा संलग्न हुने तथा विकासात्मक एवं रचनात्मक क्रियाकलापमा लागेर सामाजिक प्राणीको सामाजिक व्यक्तित्वको विकास भएको हुन्छ ।

विद्यार्थी कालदेखि नै समाजमा विद्यमान रुढि एवं अन्धविश्वास कुरीति हटाई सामाजिक जागरण ल्याउन सक्रिय चालिसे आफ्नो सामाजिक-साँस्कृतिक एवं सुधारक व्यक्तित्वको परिचय दिन सफल भएका छन् ।

कलेजमा साँस्कृतिक कार्यक्रम तथा कविता, निबन्ध, र वक्तृत्व कला प्रतियोगिता जस्ता विविध कार्यक्रम गर्ने विद्यार्थीलाई सचेत बनाउनका लाागि विभिन्न कार्यक्रमहरु गर्ने गर्दथे । उनले कलेजमा कविताका माध्यमबाट सामन्त वर्गलाई समाप्त पार्नका लागि एकजुट हुन आवश्यक रहेको कुरा उनका सृजनामा पाइन्छ । यस्तै समाजमा विद्यमान कुसंस्कार र कुसंस्कृति विरोध गर्ने तथा सामन्तवादी प्रकृतिको नाश गर्दै स्वतन्त्रतापूर्वक बाँच्न र नवीन सोचका साथ समाजलाई अगाडि बढाउन, परिवर्तन गर्न र राणाशासनको पतन गराउनका लागि उनको महत्वपूर्ण भूमिका रहेको छ । यसरी सामाजिक क्षेत्रको संलग्नताले उनको सामाजिक अवधारणा र व्यक्तित्व प्रस्ट भएको छ भने तिनै कार्यले उनको सामाजिक व्यक्तित्वको निर्माण भएको छ ।

## ३.२ निजी व्यक्तित्व

व्यक्तिको निजी व्यक्तित्व भन्नाले उसको शारीरिक अवस्था र उसको व्यवहारबाट झल्कने निजत्वलाई बुझ्न सकिन्छ । व्यक्तिको सार्वजनिक व्यक्तित्वको स्पष्ट छवि किटान गर्नका लागि पनि उसको निजी व्यक्तित्वको पहिचान नितान्त आवश्यक मानिन्छ । किनभने व्यक्तिका निजी व्यक्तित्वको स्पष्ट स्वरुप उसका सार्वजनिक व्यक्तित्वका चरण-चरणमा उजिलिएको हुन्छ

। कुनै पनि व्यक्तिका निजी जीवनसँग सम्बन्धित रुप आकार, प्रकार, रुचि, स्वभाव, प्रकृति, आचरण जस्ता कुराहरुले उसको निजी व्यक्तित्व निर्माण हुने भएकाले यसैका सापेक्षतामा अवलोकन गरिएको छ ।

## ३.३ बाह्य व्यक्तित्व

व्यक्तिको शारीरिक बनावट, आकारप्रकार जस्ता कुराहरु बाह्य व्यक्तित्वसँग सम्बन्धित हुन्छन् । शारीरिक दृष्टिले अग्लो शरीर, पुष्ट गाला सुहाउँदो मोटाइ भएका लक्ष्मीनन्दन शर्मा चालिसेको व्यक्तित्व निकै आकर्षक र प्रभावशाली देखिन्छ । गहुँगोरो वर्ण भएका, सफा चिटिक्क परेका लुगा लगाउन मन पराउने गम्भीर, स्वाभिमानी र धीर प्रकृतिका देखिन्छन् । उनको बोलीमा पाइने मधुरता, व्यवहारमा पाइने नम्रता, प्रगतिशील विचार धारा भएका सबैलाई महत्व र सम्मान दिने बानी अन्याय अत्याचार गर्नु पनि हुन्न र सहनु पनि अपराध गर्नुसरह ठान्ने चालिसे जोकोहीले चाँडै नै उनको सामीप्यताको अनुभव गर्दछ भने विद्रोही स्वभावको देखिन्छ

## ३.४ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको शील स्वभाव, आचरण, प्रकृति आदिका सन्दर्भमा आन्तरिक व्यक्तित्वको अध्ययन हुन्छ । लक्ष्मीनन्दन शर्मा चालिसेको आन्तरिक व्यक्तित्वलाई हेर्दा उनी सानैदेखि मेहनेती, अध्ययनशील र विद्रोही स्वभावका देखिन्छन् । तीक्ष्ण बुद्धिका धनी चालिसे अध्ययनकालमा पढाइमा सधैँ तेजी रहन्थे भने यसका अतिरिक्त सामाजिक, राजनीतिक र साहित्यक चासो राख्दथे । यही चासोअनुरुप नै उनमा सामाजिक समानता स्वतन्त्रता र न्यायप्रतिको आग्रह राख्ने विचारको विकास भएको पाइन्छ भने अन्याय, अत्याचार, भ्रष्टाचारी निरङ्कुश घुसखोरी, शोषण आदिको खुलेर विरोध गर्न पछि नपर्ने स्वभाव पाइन्छ । गहिरो अध्ययन, चिन्तनमनन पश्चात मात्र आफ्नो कुनै विचार राख्ने चालिसे तर्कपूर्ण तरिकाले त्यस विचरको प्रस्तुति र समर्थन गर्दै त्यसमा अडिग रहन्छन् । देशको लागि केही गर्नुपर्छ भन्ने महत्वाकांक्षा राखेर अगाडि बढ्ने ऊनी जस्तोसुकै समस्या आइपरे पनि लगनशीलताका साथ आफ्नो कार्यमा लगिरहन्छन् । विवेकी, सचेत र चिन्तनशील ऊनी विनम्रशील, मिलनसार, सचेत र सेवाभाव, राष्ट्रप्रेमभाव देखिएका छन् । अरुको कुरा ध्यान दिएर सुन्ने र सही विचारमा समर्थन गर्ने उनी आफ्नो कारणले अरुलाई कुनै दुःख दिन चाहँदैनन् । फुर्सदको समयमा दार्शनिक अध्ययन गर्न रुचाउने र कविता साहित्यिक पत्र पत्रिका कृति पढ्न मन पराउने र

लेखनमा पनि उत्तिकै रुचि रहेको छ । विद्यार्थीकालदेखि नै अन्याय र शोषणका विरुद्ध लड्ने र स्वतन्त्रता तथा न्यायका लागि अघि बडिरहने चालिसे उनको यही कारण बि.ए. परीक्षामा राणा शासनका विरुद्ध लेखेका कारणले गर्दा जेल जानु पऱ्यो । राष्ट्रिय चिन्तनमा समर्पित चालिसे स्वतन्त्रता समानता, सामाजिक न्याय तथा प्रगतिशील राष्ट्रवादी चिन्तनले प्रेरित भएको पाइन्छ । यसरी उनको आन्तरिक व्यक्तित्व पनि बाह्य व्यक्तित्व जतिकै प्रभावशाली बौद्धिक र सशक्त रहेको पाइन्छ ।

### ३.५ सार्वजनिक व्यक्तित्व

कुनै पनि व्यक्तिले निजको आफ्नो सरोकारसँगमात्र नरहेर सार्वजनिक महत्व राख्ने कार्य गर्दै आफ्नो पहिचान बनाउनका साथै व्यक्तित्वको समेत निर्माण गरेको छ । चालिसेको सार्वजनिक व्यक्तित्वलाई हेर्दा उनको जीवन यात्रामा साहित्येतर र साहित्यक व्यक्तित्वको विकास भएको पाइन्छ । उनले आफ्नो जीवनमा सामाजिक राजनैतिक विद्यार्थी जीवनको भोगाइ, शिक्षण सेवा जस्ता कार्य गरेर साहित्येतर व्यक्तित्वको निर्माण गरेका छन् भने कविता, गीत, निबन्ध-स्मृतिलेखन, सम्पादन, वैचारिक लेखन आदि जस्ता कार्य गरेर साहित्यिक व्यक्तित्वको निर्माण गरेका छन् ।

### ३.६ राजनैतिक व्यक्तित्व

जीवनको स्कुले अवस्थादेखि नै उनी राजनैतिक संगठनको निर्माण र प्रगतिशील विचार धाराबाट प्रभावित थिए । उनी समाजमा देखिएको वर्ग भेदको विरुद्धमा सामन्तवादी संस्कारको विरुद्धमा उभिन्थे । उनी जहानियाँ निरङ्कुश राणा शासनको विरुद्धमा आवाज उठाउँथे । जुन कुरा उनले निबन्ध प्रतियोगितामा वा परीक्षामा देश विकासका बाधक राणा शासक हुन् उनको पतन नै देश विकास मूल आधार हो भन्ने जस्ता भनाइले स्पष्ट हुन्छ । उनको राजनैतिक व्यक्तित्व अति छोटो रह्यो । उनको जीवन यात्रा ३१ वर्ष मात्र रहेको चालिसेको जीवनी अति छोटो रह्यो जसले गर्दा उनको राजनीतिक व्यक्तित्व निर्माण गर्न सकेन । प्रगतिशील विचारधाराबाट प्रभावित चालिसेले आफ्नो कृतिहरुमा लेखेको पाइन्छ । बि.ए. पढ्दै गर्दा उनको लेखका कारण जेल जानुपर्यो र उनको जेलमा नै क्षयरोग लागी मृत्यु भयो ।

### ३.७ साहित्यिक व्यक्तित्व

कुनै पनि व्यक्तिको कृतिका आधारमा त्यस व्यक्तिके साहित्यिक व्यक्तित्व निर्धारण गरिएको पाइन्छ । आफ्नो घरबाट नै साहित्यको लेखन कविता लेखनबाट प्रवेश गरेका चालिसेको साहित्यिक व्यक्तित्व मुख्यरुपमा कवि व्यक्तित्का रुपमा प्रकट भएको भए पनि नितान्त कवितामा मात्र भने सीमित छैन । साहित्यका कविता, गीत, संस्करण, सम्पादन, निबन्ध जस्ता विधामा सशक्त कलम चलाएका चालिसेको सिर्जनात्मक योगदान रहेको पाइन्छ । अति छोटो जीवन पाएका चालिसेले सृजन गर्न सक्नु जीवनको साहित्यिक ठूलो उपलब्धि हो ।

### ३.८ कवि व्यक्तित्व

लक्ष्मीनन्दन चालिसेको साहित्यिक क्षेत्रमा प्रवेश नै कविता विधाबाट भएको थियो । बुबा पं चक्रपणि चालिसे पनि प्रखर कवि भएको हुँदा पारिवारिक वातावरण साहित्यक थियो । त्यसको प्रभाव लक्ष्मीनन्दन चालिसेमा सानै बेलादेखि परेको थियो । लक्ष्मीनन्दन शर्माको कविताहरु पुस्तकाकार रुपमा कुनै कविता कृति प्रकाशित नभए उनको फुटकर कविताहरु महत्वपूर्ण साहित्यिक उपलब्धि हुन् । हाल उनका चौध ओटा फुटकर कविता हेर्दा उनी एक आदर्शवादी कविका रुपमा देखिन्छन् ।

**उद्योग** पत्रिकामा ती चौध वटा कविताको समावेश गरेको छ । उनको कवि व्यक्तित्वको सुरुवात स्कुले जीवनबाटै भएको देखिन्छ । कतिपय उनका कविता उपलब्ध छैन । कतिपय प्रकाशित भएका छैन । जे-जति सङ्कलित कविताचाँहि **उद्योग** पत्रिकामा पाइन्छन् । उनका कवितामा विभिन्न छन्दलाई खेलाउन खप्पिस चालिसेले शिखरिणी, मालिनी, द्रूतविलम्बित,मात्रा वसन्ततिलका छन्दहरु प्रयोग गरिएका छन् । उनका कवितामा कलम के-कति महत्व छ र बल भन्दा ज्ञानको शक्ति ठूलो हुन्छ भने उनका कवितामा पाइन्छ । जस्तो सुकै अवस्थामा पनि कलम चलाउन नछाड्ने उनको सङ्कल्प उनका कवितामा पाइन्छ । उनले मानिसलाई असल, आदर्श र कर्मयोगी बन्न नैतिक उपदेश आफ्ना कवितामा पाइन्छ । उनी परिवारवादी कवि हुन् । उद्योग पत्रिकामा चौध वटा फुटकर कविता लेखेको पाइन्छ ।

### ३.९ कथाकार व्यक्तित्व

साहित्यका विविध विधामा योगदान गरेका लक्ष्मीनन्दन शर्मा चालिसे बहुमुखी व्यक्तित्व कथाकारका रुपमा पनि प्रकट भएकोा छ । वर्गीय साहित्यलाई अनुसरण गर्दै परिवर्तन, स्वतन्त्रता र मुक्तिका पक्षमा मुखरित भएका छन् । उनी कविताका अतिरिक्त कथा, निबन्ध र उपन्यास पनि रच्ने गर्दछन् । उनका तीनओटा कथाहरु प्रकाशित रहेका देखिन्छन् । उनका भिखारीसँग के को भिख ? बाल विधवा र भोक जस्ता कथाहरु छन् । उनका कथाकवितामा आदर्शबाट सुरु भई सामाजिक यथार्थवादमा टुङ्गिएको देखिन्छ । उनले थोरै कथा लेखेका भए पनि उल्लेखनीय उपलब्धि हासिल गरेका छन् ।

### ३.१० निबन्धकार व्यक्तित्व

लक्ष्मीनन्दन शर्मा चालिसेको साहित्यिक व्यक्तित्व बहुविधरुपमा प्रकट हुने क्रममा निबन्धकारका रुपमा पनि पाइन्छ । उनका हाल प्राप्त निबन्धहरुका आधारमा हेर्दा उनी वस्तुपरक निबन्धकारका रुपमा देखिन्छन् । उनका निबन्धकारमा कुनै पुस्तककार कृति प्रकाशित नभए पनि उनले लेखेका दशओटा फुटकर-निबन्धहरु प्राप्त छन् । उनका निबन्धहरु किन रुन्छौ, प्रतिभाको दान, केरा, विनय, पैसा, व्यापार व्यवसाय, सच्चरित्रता नै उन्नतिको मूल हो, व्यापारको प्रचार कसरी गर्ने, मौका आउँछ पर्खदैन आदि जस्ता निबन्धका आधारमा उनको निबन्धकारिताको मूल्याङ्कन र सूचनामूलक किसिमका देखिन्छन् । उनका निबन्धहरुमा विचारमूलक र सूचनामूलक रहेको पाइन्छ । विचारमूलक निबन्धहरुमा उनले पूर्वीय अध्यात्म वा आध्यात्मिक दर्शनका आधारमा जीवन, जगत, ईश्वर, मानिस र प्रकृति माथि आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । मानिसले आफ्नो जीवन कसरी सार्थक पार्नुपर्छ भन्ने सन्देश उनका यी निबन्धमा प्रस्तुत गरिएको पाइन्छ । जुन किन रुन्छौ, विनय, प्रतिभाको दान, सच्चरित्रवान् उन्नतिको मूल हो, मौका आउँछ पर्खदैन आदि निबन्धमा सन्देशमूलक निबन्ध हुन् । उनका अरु निबन्धहरु सूचनामूलक छन् । खास वस्तु र विषयसँग सम्बन्धित सूचनाहरु बताइएका यस्ता निबन्धहरुमा सट्टा जानकारी बढी प्रस्तुत भएकोले यी बढी प्रबन्धात्मक र गैर साहित्यिक बन्न पुगेका छन् । उनका निबन्धहरु केरा, पैसा, व्यापार, व्यवसाय र व्यापारको प्रचार कसरी गर्ने वस्तुपरक निबन्धहरु हुन् ।

उनका विचारमूलक निबन्धहरुमा 'किन रुन्छौ' शीर्षक निबन्ध शर्माको विचारप्रधान निबन्धमध्ये एक महत्वपूर्ण निबन्ध हो । यसमा पूर्वीय दर्शनअनुसार मानिसको दुःखको कारण र त्यसबाट मुक्त हुने उपाय बताइएको छ । विनय दार्शनिक निबन्ध हो । उनका दश फुटकर निबन्ध पाइन्छ ।

## ३.११ उपन्यासकार व्यक्तित्व

लक्ष्मीनन्दन शर्मा चालिसेको साहित्यिक व्यक्तित्व बहुविधाकारुपमा प्रकट हुने क्रममा उपन्यासकार व्यक्तित्वका रुपमा पनि प्रकट भएको छ । उनको जीवनयात्रामा धेरै कठिनाइ सङ्घर्षमय रहयो । आर्थिक अवस्था नाजुक भएको कारणले दुःखपूर्ण जीवन बित्यो । उनको जीवन यात्रा खासै लामो रहेन तर जति बाँचे धेरै संघर्ष र जेल जीवनको पीडाबाटै बाँच्नु पऱ्यो । त्यति छोटो, आयु पाएको चालिसेले बहु व्यक्तित्व निर्माण गर्नचाहिँ सफल भए । उनको एक मात्र 'एक जोर औठी' उपन्यास पाइन्छ । यो उपन्यास आदर्शवादी उपन्यास हो । यस उपन्यासमा भाग्यवादी चिन्तनको प्रतिपादन गरिएको छ । यस उपन्यासमा ईश्वरका इच्छाविपरीत केही कुरा नहुने भएका कारण दुःखमा आत्तिनु नहुने सन्देश दिएका छन् । मानिसले धैर्य छाड्नु हुँदैन । एक न एक दिन राम्रो सुकर्मको प्रतिफल पनि शुभ नै दिन्छ भन्ने देखाएको छ । साहित्य सृजन गर्ने खुबी भए तापनि उनको छोटो समयका कारण एक मात्र 'एक जोर औठी' उपन्यास बन्यो । मानिसको भाग्य, ग्रहदशा र ज्योतिषीय गणानाका आधारमा मानिसले के गर्नु हुन्छ के गर्नु हुँदैन भनी छुट्याउन पर्ने र ज्योतिषले  अनुसार गर्नुपर्ने भाग्यवादी दृष्टि पनि यसमा प्रस्तुत गरिएको छ । उनको यो उपन्यास संस्कृतमा लिखित ग्रन्थको प्रभावमा रचित यो मनोरञ्जनात्मक र नैतिक शिक्षापद उपन्यास हो  ।

## ३.१२ सम्पादक व्यक्तित्व

लक्ष्मीनन्दन शर्मा चालिसेको साहित्यिक व्यक्तित्वव बहुविधरुपमा प्रकट हुने क्रममा सम्पादन व्यक्तित्वका रुपमा पनि प्रकट भएको छ । उनको साहित्यिक यात्रा नै छोटो भएको कारणले गर्दा सम्पादक व्यक्तित्व छिट पुट रुपमा मात्रै रहयो ।

### ३.१३ जीवनी, व्यक्तित्व र साहित्य

सिर्जनाबीच आन्तरिक सामञ्जस्य लक्ष्मीनन्दन शर्मा चालिसेको बत्तीस वर्षे-यात्रामा अति छोटो समयमा साहित्यिक यात्रा पनि अति छोटो रह्यो । यस क्रममा, उनी समाजिक, साँस्कृतिक, राजनैतिक परिवेशलाई भोग्दै र सामना गर्दै अगाडि बढेका छन् । यही छोटो जीवन यात्राका क्रममा जीवन भोगाइका अनुभव, परिवार ,समाज, शिक्षा-दीक्षा प्रभाव, प्रेरणा, पीडा, खुसी, सफलता विफलता, सरल-जटिल परिस्थितिहरुले सिर्जिएका अनुभव र अनुभूतिहरुले चालिसेलाई एउटा निश्चित मार्ग दर्शन गर्दै लगेको कुरा उनको जीवनको अध्ययनबाट स्पष्ट हुन्छ जसको फलस्वरुप उनी समाज र साहित्यको सेवा गरेर अन्याय, अत्याचार शोषण र वर्गीय विभेदरहित श्वच्छ, न्यायमूलक विकसित तथा प्रजातन्त्रमूलक समाजको परिकल्पना गरेका छन् । व्यक्तिगत जीवनमा भोग्नुपरेका आरोह-अवरोह, जेल-नेल, सङ्घर्षको मोर्चा जस्ता घुम्ती तथा मोडहरुमा नेपाली समाजमा व्याप्त वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय, सांस्कृतिक विभेदजस्ता समस्याहरुबाट ग्रसित परिवेशलाई साहित्यका माध्यमबाट आवाज, चेतना फैलाएका छन् ।

यसरी चालिसे मध्यमवर्गीय परिवारमा जन्मेर जीवनमा नेपाली परिवेशको उतारचढावको सामना गर्दै अध्ययनलेखन, समाजसेवा, साहित्यसेवा, राजनीति जस्ता क्षेत्रलाई कर्तव्यका रुपमा चालिसेको निजी र सार्वजनिक व्यक्तित्व निर्माण भएको छ । त्यही जीवनशैली र परिवेशबाट निर्मित उनको सार्वजनिका साहित्यिक व्यक्तित्वको प्रभाव साहित्य लेखनमा पनि परेको छ । उनको बहुआयामिक व्यक्तित्वमध्ये साहित्यिक, सामाजिक र राजनीतिक परिवेश प्रतिको सूक्ष्म दृष्टिकोणको साथै आफूले देखेको र भागेको जीवनजगतको कलात्मक चित्रणबाट साहित्यिक व्यक्तित्व निर्माण भएको छ । बहुसङ्ख्यक नेपाली ले भाग्नुपरेको अन्याय, अत्याचार, शोषण, दमन, थिचोमिचो, असमानताा, विभेद, बाध्यता, विवशता, विसङगतिको प्रस्तुतिमा उनको लेखन व्यक्तित्व संवेदनशील बन्नुका साथै नेपाली समाजबाट त्यसको अन्त्यका लागि उनी ऊजाशील साहित्कार बन्न पुगेका छन् । राष्ट्रप्रेमी मानवतावादी, प्रगतिवादी साहित्यकार लक्ष्मीनन्दन शर्मा चालिसेले यथार्थवादमा आधारित भएर द्वन्द्वात्मक भौतिकवाद तथा वर्गसङ्घर्षको चिन्तन दृष्टिलाई आफ्ना साहित्यमा प्रस्तुत गरेका छन् ।

यसरी उनको जीवनयात्राले निर्माण गरेको साहित्यिक र सामाजिक व्यक्तित्व को प्रभाव सिङ्गो साहित्यलेखनमा परेको पाइन्छ । उनको साहित्य रचनामा राष्ट्रिय सामाजिक ग्रामीण जनजीवनमा आफ्ना भोगाइका वास्तविक पात्र र विषवस्तु टिपिएको छ । उनका रचनामा

वर्गद्वन्दको चित्रण पाइन्छ । परिवेशका र परिस्थितिका हिसाबले निरंकुश राणाशासन व्यवस्था र त्यसको जनतामा सिर्जना गरेका पीडा, पछौटेपन, कुण्ठ, निरङ्कुश, प्रजातन्त्रको स्थापना हुनु पर्दछ भन्ने मान्यता राख्थे । साहित्यमा कविता, निबन्ध, कथा र उपन्यास विधामा पनि विषेशतः कविता विधा जीवन हो । कविता आफैँ सङ्घर्ष पनि हो र त्यो जीवनको मार्गदर्शन पनि हो । मेरा कविताहरुले मेरा जीवनका मोडहरु बोलेका छन् । मेरा यात्राहरु बोलेका छन् । मेरा जेल जीवनका कथाहरु बोलेका छन् । मेरा दृष्टिकोण, विचार, सिद्धान्त, आस्था, विश्वास र मान्यताहरु बोलेका छन् भन्ने भनाइले उनको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाबीचको अन्तरसम्बन्धलाई प्रस्ट पार्दछ ।

## ३.१४ निष्कर्ष

लक्ष्मीनन्दन शर्मा चालिसे व्यक्ति एक भएर पनि व्यक्तित्व अनेक प्रतिभा भएका हन् । ग्रामीण कृषक परिवारमा साहित्यक वातावरणमा जन्मेका थिए, उनले छोटो जीवन पाएका चालिसे साहित्यक रचनाकृति प्रकाशित गरेर स्थापित साहित्यकार बन्नुले उनीभित्रको बुहुमुखी र उर्वरशील व्यक्तित्वलाई स्पष्ट पार्दछ । समाजमा देखेको नराम्रो असर पार्ने कुराको विरोध गर्ने, कसैसँग नडराउने र राम्रो असर पार्ने कुराको सम्माना गर्ने उनी पुँजीवादी, सामन्ती निरङ्कुश शासन विरुदमा लेखेको वाक्यबाट प्रस्त हुन्छ । राम्रा असर पार्ने कुराको सम्मान गर्ने उनी पुँजीवादी र सामन्ती शासनविरुद्ध प्रहार तथा स्वतन्त्रता समानता र मुक्तिको काममा साहित्यमार्फत गरेका छन् । यसरी लक्ष्मीनन्दन शर्मा लाचिसेको व्यक्तित्व स्वच्छ, स्पष्ट, निडर छन् भन्ने कुरा उनको व्यक्तित्वबाट छर्लङ्ग हुन्छ चक्रपाणि चालिसे र गायत्री देवीका पुत्र लक्ष्मीनन्दन शर्मा चालिसेको जन्म वि.स. १९७० सालमा भएको थियो । उनको पुर्खौली घर हालको भक्तपुरको कटुञ्जे गा.वि.स. भए तापनि काठमाडौँ नगरपालिकाको केल्ल टोलमा भएको थियो । पिता माताका कान्छा छोरा चालिसेले घरको वातावरण पिताका कारण शिक्षादीक्षा र साहित्यिक पृष्ठभूमि प्राप्त गरेका थिए ।

नेपाली साहित्यका सेवक चालिसेको जीवनलीला लगभग तीन दशक जतिमा नै समाप्त भयो । यस बीचमा उनले कविता, कथा, निबन्ध र उपन्यास विधामा कलम चलाएका छन् । परम्परागत नेपाली समाजका सामाजिक जीवन शैली तथा विकृति निसङ्गतिका बारेमा कलम चलाउने चालिसेको जीवनी, व्यक्तित्व तथा कृतित्वको अध्ययनमा आधारित प्रस्तुत शोध कार्यमा चालिसेको यिनै पक्षको विश्लेषण गरिएको छ ।

# चौँथो परिच्छेद

# लक्ष्मीनन्दन शर्माको उपन्यास लेखन

## ४.१ परिचय

लक्ष्मीनन्दन शर्मा चालिसेको प्रकाशित एक मात्र उपन्यास 'एक जोर औँठी' (१९९७) हो । माध्यमिककालीन नेपाली उपन्यास लेखनमा भेटिने प्रवृत्तिहरू नै 'एक जोर औँठी' मा पनि भेटिन्छन् । माध्यमिककालीन नेपाली उपन्यासमा नैतिक, औपदेशिक र सामाजिक सुधारात्मक विषयवस्तु र लेखकीय आग्रह भेटिन्छ । खास गरी पञ्चतन्त्र, हितोपदेश, तन्त्राख्यान आदि नीति कथाहरूले हुर्काएको परम्परामा माध्यमिककालीन नैतिक औपदेशिक रचनाहरू पर्दछन् । (बराल र एटम, २०६६:७७) । माध्यमिक कालीन औपन्यासिक रचनाहरू अनुवाद र लेखकीय कल्पनाको मिश्रणका रुपमा रहेका छन् । नेपाली उपन्यासमा रुपमती (१९९१) देखि नै आधुनिक उपन्यासहरूमा पनि माध्यमिककालीन प्रवृत्तिहरू स्वाभाविक रुपले आएका देखिन्छन् । माध्यमिककालीन प्रवृत्ति भएका उपन्यासहरू अद्यापि लेखिदैँ छन् ।

'एक जोर औँठी' उपन्यास लघु उपन्यास वा उपन्यासिका भन्न सकिने आकारमा रहेको छ । जम्मा ३२ ओटा पृष्ठमा प्रकाशित यस उपन्यासलाई शिक्षा प्रद रोचक उपन्यास भनी प्रथम आवरण पृष्ठमा उल्लेख गरिएको छ । लेखकलाई लेखक नभनी सङ्कलक (लक्ष्मीनन्दन शर्मा चालिसेद्वारा सङ्कलित) भनिएको छ । 'निवेदन' शीर्षक दिएर लेखिएको भूमिकामा पनि लेखकले कथा मौलिक नभई अनुकरण हो भन्ने स्वीकारोक्ति दिएका छन् । यो रचना मैले पुस्तकको अक्षरशः अनुवाद नगरी कुनै समय पहिले देखेको 'युगलाङ्गलीय' भन्ने पुस्तकको कथाको हृदय-निहित चित्रको आधारमा लेखेको हुँ । (एक जोर औँठी : पृ.क)

यसबाट यो उपन्यास केवल अनुवाद नभई लेखकीय कल्पनासहित गरिएको भावानुवाद हो भन्ने बुझिन्छ । हिन्दु परम्परामा रहेको नारीले पतिव्रता हुनुपर्ने नैतिक बन्धनका पक्षमा यो उपन्यास रचना गरिएको छ। मातृ-पितृ आज्ञापालन, आफ्नो पहिलो प्रेममा नै सधैं रहनुपर्ने रुमानी आदर्श, आपतमा पनि धैर्य छाड्न हुन्न भन्ने उपदेश तथा नारीले पतिव्रता धर्ममा रहनुपर्छ भन्ने आदर्श आदिको प्रस्तुति गर्नु यस उपन्यासको मूल विषय हो ।

यही उपन्यासको आधारमा उपन्यासकार लक्ष्मीनन्दन शर्मा चालिसेको उपन्यासकारिताको मूल्याङ्कन गर्नुपर्ने भएका कारण यस उपन्यासको तत्त्वपरक विस्तृत विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

## ४.२ 'एक जोर औँठी' उपन्यासको विश्लेषण

उपन्यासको रचनाविधान विभिन्न तत्वहरूको संयोजनबाट भएको हुन्छ । कथानक, चरित्र, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लय आदि उपन्यासका विधातत्त्वहरू हुन् । तिनको प्रयोग 'एकजोर औँठी' उपन्यासमा पनि गरिएको छ । 'एक जोर औँठी' मा उपन्यासका तत्वहरूको संयोजन कसरी  गरिएको छ भन्ने कुरा यहाँ विश्लेषण गरिएको छ ।

### ४.२.१ कथानक

उपन्यासमा घट्ने घटनाहरूको कार्यकारण सम्बन्धमा आधारित शृङ्खलाबद्ध योजना ढाँचालाई कथानक भनिन्छ । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गरेको हुन्छ । उपन्यासमा रहेको कथालाई योजनाबद्ध किसिमले चरित्र, विचार, बुद्धि, कल्पना आदिको प्रयोगद्वारा प्रमाणिक र विश्वासनीय हुनुपर्छ ।

कथानकका विभिन्न स्रोतहरू हुन्छन् । इतिहास, लोकजीवन, सामाजिक यथार्थ, पूराण, मिथक, स्वैरकल्पना, रागात्मक अनुभव आदि कथानकका स्रोत हुन् । 'एक जोर औँठी' शीर्षक उपन्यासको कथानक स्वैरकल्पनामा आधारित छ । भएको वा घटेको घटना जस्तो लाग्ने तर कहिल्यै हुन नसक्ने यथार्थ यस उपन्यासले प्रस्तुत गरेको छ । त्यसैले यो उडन्तस्तरी कथा हो । यस कथामा कल्पनाको संसार छ । त्यस संसारमा भाग्य रेखा निर्धारण गर्ने ईश्वरको लीला अनौठो छ । ईश्वरको चाहनाले मानिस अनौठा-अनौठा कुराहरू भोग्न र गर्न तयार हुन्छ, विवश हुन्छ । सामान्य जीवनमा असम्भव कुरा यस उपन्यासमा हुन्छन् । सामान्य जीवनमा अतार्किक लाग्ने घट्ना यस उपन्यासमा घट्छन् । त्यति भएर पनि उपन्यासले तत्कालीन परिवेशअनुसार समाजलाई नैतिकवान् बन्न, नारीलाई पतिव्रता बन्न हिन्दु धर्मानुसार उपदेश दिएको छ ।

सुमुखी र प्रेमबहादुर बाल्यकालका साथी हुन् । सुमुखीका बाबु धनपति साहु र प्रेमबहादुरका बाबु केशबबहादुर छिमेकी भएका हुनाले सुमुखा र प्रेमबहादुर बाल्यकालका साथी

भएका हुन् । उनीहरूका मनमा बाल्यकालदेखिकै प्रेमानुभूति रहेको छ । कथा सुरु हुँदा प्रेमबहादुर बीस वर्षका छन् भने सुमुखा १६ वर्षकी छन् । यी दुवै यौवनावस्थामा रहेका छन् । यी दुवैका बीच विवाह गर्ने कुरा चले पनि केही समयअघि सुमुखीका बाबु धनपतिले आफ्नी छोरीको विहे प्रेमबहादुरसँग गरिदिन नमानेकाले यिनीहरूका बीच भेटघाट बन्द भएको थियो । यसबाट विह्वल भएका नायक प्रेमबहादुर बाबुको व्यापार सम्हाल्न र मन बहलाउन सधैंका लागि तिब्बत जाने भएका छन् । यही खबर सुनाउन र बिदा माग्न धेरै दिनदेखि भेट नभएकी आफ्नी बालसखा सुमुखीसँग भेट्न प्रेमबहादुर सुमुखीका घर आएका छन् ।

प्रेमबहादुर तिब्बत गएपछि सुमुखी अविवाहित नै बसेकी थिइन् । एकदिन आफ्नी आमाका गहनाहरू राखिएको बाकसमा एउटा चिठीको आधा भाग भेट्छिन् । उनको विवाहसम्बन्धी जोतिषीय धारणा लेखिएको उक्त पत्र अस्पष्ट र अधुरो भएकाले सुमुखीले बुझ्न सक्दिनन् । उनको बिहे गर्दा अनिष्ट हुने भएकाले तत्काल बिहे गर्न नहुने भन्ने कुरा भने उनले बुझ्छिन् । केही दिनपछि सुमुखीको विवाह आनन्द नामका ज्योतिषले काशीमा कुनै केटासँग गरिदिने भनी बोलाउँछन् । तिनै ज्योतिषका आज्ञाले सुमुखीको विवाह हुन्छ तर दुलाहा र दुलही दुवैका आँखामा पट्टी बाँधिएको हुनाले एकले अर्कालाई देख्न पाउँदैनन् । बोल्न पनि निषेध गरिएकाले एकअर्काको बोली पनि सुन्न पाउँदैनन् । विवाहपछि दुरुस्त उस्तै 'एक जोर औँठी' मध्ये एक-एक जनालाई एक-एक ओटा दिएर पाँच वर्षपछि मात्र यी औँठी लगाउनु भन्ने आज्ञा दिइन्छ । दुलाहा दुलही दुबैले पाँच वर्षपछि औँठीका आधारमा मात्र एकअर्कालाई चिन्नुपर्ने भयो । त्यसपूर्व एकापसमा भेट भएमा अनिष्ट हुने छ भन्ने ज्योतिषीले उनीहरूलाई सुनाए । सानैमा प्रेमबहादुरलाई आफ्नो मन सुम्पिसकेकी सुमुखीले अर्के नचिनेको नदेखेको पुरुषसँग विवाह गर्नुपर्दा नराम्रो महसुस गरिन् तर विवाह भइसकेपछि प्रेमबहादुर नै परपुरुष भए भन्ने ठानेर आफ्नै पतिप्रति पतिव्रता भई बस्छिन् । त्यसबीचमा साहु धनपतिको देहान्त हुन्छ । उनकी स्वास्नी सती जान्छिन् । टुहुरी सुमुखी निःसहाय बन्न पुग्छिन् । उनको सम्पत्ति पनि अरुले नै लिलाम गरिलिन्छन् । निर्धन र असहाय सुमुखी कुटी बारेर विमला नामकी विधवासित बस्न थाल्छिन् । ज्योतिषले दिएको पाँचवर्षको समय नपुग्दै सुमुखीलाई प्रेमबहादुरले हीराको एउटा बहुमूल्य हार पठाउँछन् । आफ्ना पति अझै पत्ता नलागे पनि विवाहित नारी हुनाले परपुरुष प्रेमबहादुरले पठाएको हार स्वीकार्नु अनुचित ठानेर सुमुखीले त्यो हार फिर्ता पठाइदिन्छिन् । यस्तैमा एक दिन त्यस देशका राजाले सुमुखीलाई बोलाउँछन् । सुमुखीलाई राजाले औँठी देखाउँछन् । त्यौ औँठी सुमुखीलाई आफ्नो विवाहमा ज्योतिषीले दिएकै औँठीको जोडा हुन्छ ।

सुमुखीलाई अनेक  शङ्का हुन्छ । राजाले त्यो औँठी कसरी प्राप्त गरे भन्ने बारेमा उसलाई केही जानकारी हुँदैन । राजाले सुमुखीको पतिव्रत सङ्कल्पको अनेक परीक्षा गर्छन् । ती सबै परीक्षामा सुमुखी खरो निस्केपछि राजाले यथार्थ बताउँछन् । सुमुखीको विवाह गरिदिने ज्योतिषीले दुलाहा र दुलहीको परिचय, ठेगाना राजालाई बताएर उनीहरूको मिलन गराइदिने दायित्व सुम्पेका रहेछन् । सुमुखीका दुलाहा अरु कोही नभएर प्रेमबहादुर नै रहेछन् । यदि सुमुखीको विवाहपछि दुलाहादुलही सँगसँगै बस्न थालेका भए २८ वर्षको उमेरमा उनको मृत्यु हुने योग रहेछ । त्यही ग्रहदशा टार्नका लागि दुलाहा-दुलहीले विवाहको पाँच वर्षसम्म भेटघाट गर्न र देख्न नहुने ज्योतिषीको भविष्य दृष्टिले यस्तो गर्नुपरेको रहेछ । यसरी सुमुखी र प्रेमबहादुरको प्रणयमिलन हुन्छ ।

'एक जोर औँठी' उपन्यासको कथानकको विकासलाई आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्षह्रास र उपसंहार गरी पाँच चरणमा विभाजन गर्न सकिन्छ । फ्रेटागको पिरामिडमा तलको चित्रअनुसार यी अवस्थाहरूलाई देखाउन सकिन्छ । (शर्मा, २०४८: पृ. १६८) ।

माथिको पिरामिडमा कथानकलाई पाँच खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डदेखि पाँचौं खण्डसम्ममा पर्ने घटना वा कथानक अंश र तिनको अवस्था बारे तल क्रमशः प्रस्तुत गरिएको छ ।

**क) आरम्भ**

बाल्यकालमा प्रेमबहादुर सुमुखीका बीच मित्रता हुनु । बालप्रेमको अङ्कुरण हुनु जस्ता पूर्वदीप्तिमा रहेका घटना र ज्योतिषीको सल्लाहले साहु धनपतिले प्रेमबहादुरसँग छोरी विवाह गर्न अस्वीकार गर्नु । यही घटनाले विह्वल भई प्रेमबहादुरले तिब्बत जाने निर्णय गर्नु । यसले सुमुखीले प्रेमबहादुरबीच तथा उनीहरू दुवैका मनमा अन्तर्द्वन्द्धको स्थिति पैदा भई सङ्घर्षको आरम्भ हुनु ।

**ख) सङ्घर्षको विकास**

साहुधनपतिकी स्वास्नीको गहना राख्ने बाकसमा सुमुखीले अर्धपत्र भेट्नु । ज्योतिषीको अर्धपत्रमा लेखिएको सबै कुरा अस्पष्ट र अधुरा भए पनि त्यो पत्र आफ्नो विवाहका सम्बन्धमा रहेको थाहा पाउनु । आफ्नो विवाह भएमा कुनै अनिष्ट हुने हो कि भन्ने शङ्का । आन्तरिक

द्वन्द्वको स्थिति । यस्तैमा काशी लिएर सुमुखीको विवाह ज्योतिषीको सल्लाहले कुनै कुमारसँग गर्ने कार्यक्रम । विवाह भइसक्दा पनि दुलाहको अनुहार देख्न नपाउनु । दुलाहालाई देख्नु त के आवाज पनि नसुनी, आमनेसामने पनि नभई पाँच वर्षका लागि विछोड । प्रेमलाई मन दिइसकेर अर्को अपरिचित युवकसँग विवाह गर्दाको पीडा । औँठीका भरमा पाँच वर्ष कुर्नु पर्ने घट्नाले सिर्जना गरेको कुतुहलता । एक पछि अर्को गरी सङ्कटावस्थाको शृङ्खला तयार हुँदै कथानक उत्कर्षतिर अभिमुख भइरहेको अवस्था पाइन्छ ।

**ग) चरम**

कथानकमा सङ्घर्ष विकासका क्रममा सङ्कटावस्थाको शृङ्खलाबाट उत्पन्न पात्रको जीवनमा गम्भीर, महत्त्वपूर्ण र निर्णायक रुप प्रदान गर्ने विन्दु नै चरम हो । प्रेम वियोग, ज्योतिषीको डरलाग्दो भविष्य वाणी वा पत्रको साक्षात्कार, अपरिचित व्यक्तिसित विवाह, विवाहमा दुलाहासँग भेट नहुनु, दुलाहा नचिनेरै पाँचवर्षसम्म कुर्नुपर्ने विवशता, पिताको देहावसान, माताको सतिगमन, साहुले सम्पति लिलाम गर्नु, जस्ता सङ्कटपछि सङ्कटको शृङ्खला पार गरेपछि एउटा सानो घटनाले उपन्यासकी मूल पात्र सुमुखीको जीवनमा महत्त्वपूर्ण मोडको सुरुआत हुन्छ । परपुरुष भइसकेको प्रेमी वा बालसखा प्रेमबहादुरले पठाएको उपहार (बहुमूल्य हीराको हार) सुमुखीले अस्वीकार गर्नु कथानकको चरमावस्था हो । दरिद्र, धनहीन, असहाय, अबला, दीनहीन बनेकी सुमुखीलाई प्राप्त उक्त उपहारले धनधान्यले सम्पन्न बनाउन सक्थ्यो । यस्तो अवस्थामा उसले स्वीकार्न सक्थी । उससँग सामान्यतः त्यो नै निर्विकल्प उपाय थियो दुःख र अभाव हटाउने । उसको मनमा पूर्वप्रेमीले पठाएको बहुमूल्य उपहार स्विकार्ने नस्विकार्ने निर्णय लिनका लागि द्वन्द्वात्मक भावहरूको तछाडमछाड पनि चलेकै थियो । तर दीनताबाट सम्पन्नतामा आउने त्यो सुवर्ण अवसरलाई सुमुखीले लत्याउनाले उपन्यासमा कौतुहलता र सङ्घर्षले चरमोत्कर्ष प्राप्त गर्दछ । यस घटनाले पाठकका मनमा मानसिक आन्दोलन मच्चाइदिन्छ । उपन्यासको अन्तमा यही घटना नै नायिकाको जीवनमा सकारात्मक मोड ल्याउने प्रमुख कार्य पनि बन्दछ । अर्को शब्दमा नायिकाका सङ्कटावस्थाको मोचन गरी सुखमय प्रणय मिलनको कारण यही घट्ना वा मोड बन्न पुगेको छ ।

**घ) सङ्घर्षह्रास**

बाल्यकालको साथी वा पूर्वप्रेमी (हाल:परपुरुष) प्रेमबहादुरले पठाएको बहुमूल्य उपहार दरिद्र अवस्थामा रहेकी सुमुखीले अस्वीकार गरेपछि त्यहाँका राजाले उसलाई दरबारमा बोलाएर सबै वृत्तान्त बताएको घटना । कथानकको परिवर्तनले सङ्घर्ष कम हुँदै अनेकौं घटना र उपकथाहरूको रहस्योद्‌घाटनबाट द्वन्द्व कम हुने अवस्था सङ्घर्षह्रास हो । सुमुखीको विवाहसम्बन्धी आधा पत्रको रहस्य खोली राजाले उसलाई सबै कुरा बताउनु, उसलाई सतित्वको परीक्षा उत्तीर्ण भएको सुनाउनु, उसकी सहयोगी विमला राजाले पठाएकी र उपहार पनि प्रेमले नभई राजाले पठाएको तथ्य उद्‌घाटन गर्नु र सुमुखीको विवाह अरु कसैसँग नभई प्रेमसँग भएको तथ्य राजाले सुमुखीलाई बताउनु आदि घटनाले कथानकको सम्पूर्ण कौतुहलताको समन गरी सङ्घर्षलाई द्रुततर ह्रासमा पुऱ्याएका छन् ।

**ङ) उपसंहार**

राजाले सुमुखी र प्रेमबहादुरको भेट गराउनु । सुमुखीको पाणि प्रेमबहादुरको हातमा राखिदिनु । यस प्रणयमिलनको उपलक्ष्यमा बादशाही बाजा बज्नु, पुष्पवृष्टि हुनु, राजाले त्यस दम्पतिलाई आशीर्वाद दिनु, दुवै पतिपत्नीका आँखा हर्षोललासले भरिनु, प्रेमले राजाको सदैव जय मनाउने निर्णय गर्दै आभार प्रकट गर्नु जस्ता घटनाले कथानकको आरम्भको समस्या समाधानमा गई फलप्राप्ति भएर टुङ्गिएको छ । यहाँ कथानकको उपसंहार तथा समापन भएको छ । यसरी 'एक जोर औँठी' शीर्षक उपन्यासको कथावस्तुमा द्वन्द्व र क्रियाद्वारा कथानकको विकास भई समापनसम्म पुगेको छ ।

उपन्यासको कथानक रैखिक ढाँचामै रहे पनि सुरुका केही सन्दर्भ पूर्वदीप्तिमा रहेका कारण धेरथोर वर्तुलित रहेको छ । तलको रेखाचित्रले त्यसको ढाँचा प्रस्तुत गरेको छ ।

प्रेमबहादुर र सुमुखीका बाल्यकाल, तिनीहरूका बाबुको मित्रता, संवाद, सुमुखीका बाबुले उसको विवाह प्रेमबहादुरसँग नगर्ने निर्णय गर्नु आदि जस्ता कतिपय कुराहरू पूर्वदीप्तिमा रहेका छन् भने कतिपय घटनाहरू नेपथ्यमा नै रहेका छन् । यति भए पनि प्रस्तुत उपन्यासको कथानक मूलतः रैखिक (सरल रेखीय) ढाँचामा नै रहेको छ । समग्रमा 'एक जोर औँठी'

उपन्यासको कथानक सरल, एउटै मूल कथामा आधारित, सुगठित, घटनाप्रधान, रोमाञ्चक तथा सुखान्तक रहेको छ ।

### ४.२.२ चरित्र र चरित्र चित्रण

उपन्यासमा खास विशेषता बुझाउन प्रयोग गरिने मानव तथा मानवेतर पात्रलाई चरित्र भनिन्छ । पात्रले लेखकले प्रकट गर्न खोजेको एक विचार, एक वर्ग र एक अभिवृत्तिको बहन गर्दछ । कथानकलाई गति प्रदान गर्ने अभिवृत्तिको बहन गर्दछ । कथानकलाई गति प्रदान गर्ने कार्य चरित्र वा पात्रले गर्दछ । 'एक जोर औँठी' शीर्षक धार्मिक तथा ज्योतिषीय विश्वासमा रहेको समाजको कथा भएका कारण यसका सबै पात्रहरू हिन्दु धर्मानुसार आदर्श र नैतिकवान् छन् । यस उपन्यासमा खल पात्र वा दुष्चरित्र भएको कुनै पात्र छैन । खलनायकको अभावमा पनि नायक नायिकाले निकै सास्ती पाएका छन् उनीहरूको दुःखको कारण केवल उनीहरूको भाग्य हो भन्ने ठहर गरिएको छ । भाग्यवादी चिन्तन भएको समाजका पात्रहरू भएका कारण कुनै पनि पात्र त्यसको विरोध गर्दैनन् । भाग्यले प्रदान गरेको जस्तोसुकै फल भोग्न विवश निरीह प्राणीका रुपमा मानिसलाई प्रस्तुत गरिएको छ । ईश्वर सर्वशक्तिमान, अबोध्य र सबैको मालिक भएका कारण उसको इच्छामा सांसारिक खेल चलिरहेको सबै पात्रको विश्वास छ । ईश्वरसँग कोही रिसाउँदैनन् । उसले जति दुःख दिए पनि चुपचाप सहन तयार हुन्छन् । उनीहरूबाट विद्रोहको कल्पना पनि गर्न सकिन्न । ज्योतिषीले समयमै भाग्यरेखा हेरेर भविष्य बताइदिएपछि ईश्वरको इच्छानुसार चल्नु मानिसको कर्तव्य हो भन्ने उनीहरूको जीवन दर्शन हो । सुमुखी र प्रेमबहादुर यस उपन्यासका प्रमुख पात्र हुन् । धनपति साहु, ज्योतिष आनन्द गुरु, राजा र विमला सहायक पात्र हुन् । अरु पात्रहरू गौण पात्र हुन् । केही उल्लेखनीय भूमिका भएका पात्रहरूको छुट्टाछुट्टै अध्ययन यहाँ गरिएको छ :

#### ४.२.२.१ सुमुखी

सुमुखी 'एक जोर औँठी' उपन्यासका प्रमुख चरित्र हो । ऊ एक आदर्श हिन्दु नारी हो । मातापिताको आज्ञा पालन गर्नु, पहिले आफ्नो प्रेमीप्रति हार्दिक समर्पण भाव राख्नु तथा पछि पतिव्रता भएर सतित्वमा रहनु नै उसको जीवनको सार्थक उद्देश्य हो भन्ने उसले ठानेकी छ । ईश्वरको जे इच्छा छ त्यो गर्नु नै मनुष्य कर्तव्य भएको कुरा उसले विनातर्क निसङ्कोच स्वीकार गरेकी छ । उपन्यासको सुरुमा ऊ जसरी मातृपितृ आज्ञा, प्रेमीप्रतिको निष्ठा,

पतिप्रतिको सतिभाव र आदर्शमा टिकेकी छ उति नै उपन्यासको अन्तसम्म नै कायम राख्न सफल भएकी छ । यसरी उसको चरित्र अपरिवर्तनीय छ । ऊ हिन्दू परम्परावादी लेखकीय दृष्टिकोणमा निकै सच्चरित्र हो । जस्तासुकै कठिनाइमा पनि धैर्य नगुमाइ आफ्नो पतिव्रता धर्म कायम राख्न सक्ने अडिग र दृढ नारीका रुपमा लेखकले उसलाई प्रस्तुत गरेका छन् । चुपचाप ज्योतिषीको कुरा पत्याउने, आफ्ना आमाबाबुको आज्ञा मानेर बाल्यकालदेखिको प्रेमीलाई छाडी अपरिचत व्यक्तिसँग विवाह गर्न राजी हुने, विवाहपछि पनि पाँच वर्षसम्म पतिको कुनै पत्तो नहुँदा पनि उसैलाई कुरेर यौवन बिताउने यस नायिकालाई यथार्थवादी दृष्टिले हेर्दा अव्यावहारिक, कायर, जुम्सी नायिका मान्न सकिएला तर लेखकको उद्देश्य यथार्थवादी नभई हिन्दु परम्पराको आदर्शमा आधारित भएका कारण आफ्नो आदर्शमा टिक्न सक्नु नै यस नायिकाको चारित्रिक सबलता मान्नुपर्ने हुन्छ ।

हिन्दु परम्परामा नारी सहनशीला, पतिव्रत, अन्तर्मुखी र सतिसावित्री हुनुपर्ने आग्रह छ । त्यही आग्रहले हिन्दु परम्परागत समाजमा नारीको चरित्र निर्माण गर्दछ । यही हिन्दु परम्पराले निर्माण गरेकी आदर्श नारी चरित्र भएका कारण सुमुखीले त्यसप्रकारकै आदर्श समाजकी अबोला नारीहरूको प्रतिनिधित्व गर्दछे । वर्तमान सामाजिक यथार्थका समाजमा सुमुखीले नारी समाजको प्रतिनिधित्व गर्न सक्छिन बरु धार्मिक आग्रहानुरुप निर्मित आदर्श नारीको प्रतीक उसलाई मान्न सकिन्छ । यस्ता नारीहरू हिन्दु धर्मग्रन्थहरूमा पनि थुप्रै रहेका कारण सुमुखी लेखककी पूर्ण मौलिक पात्र भने होइन । सीता, द्रौपदी, शकुन्तला, रोहिणी राधा जस्ता अनेकौ पात्रहरूलाई पतिव्रता, सहनशीला हुन हिन्दु परम्पराले सिकाउँदै आएको छ ।

नारीहरूलाई हिन्दु धर्मानुकूल भोलभाला हुन सिकाउने उद्देश्य यस उपन्यासको भएका कारण सुमुखी पात्रको आयोजना त्यसरी नै गरिएको छ । यसको मूल्याङ्कन विश्लेषण पनि आदर्श हिन्दु समाजकै मान्यताका आधारमा गरिनुपर्छ । वर्तमान आधुनिक सामाजिक यथार्थका सापेक्षतामा हेर्दा सुमुखीको चरित्रमाथि न्याय हुन सक्दैन ।

समग्रमा सुमुखी 'एक जोर औँठी' उपन्यासकी प्रमुख पात्र तथा केन्द्रीय पात्र हो । लेखकको उद्देश्य उसैको चरित्रमार्फत अभिव्यक्त भएका कारण सुमुखी लेखककी मूलपात्र समेत हो । अपरिवर्तनशील चरित्र भएकी सुमुखी उपन्यासकी एक सशक्त, आदर्शवान्, सत्चरित्र भएकी अनुकूल पात्र हो ।

### ४.२.२.२ प्रेमबहादुर

प्रेमबहादुर विवेच्य उपन्यासका प्रमुख पात्र हुन् । उनी नायिका सुमुखीका बाल्यकालीन सखा हुन् । उनी सुमुखीका प्रेमी र पति हुन् । उसका एक मात्र प्रेम पनि उनै हुन् । यस उपन्यासका नायक प्रेमबहादुरको भूमिका प्रमुख नै भए पनि सुमुखीका निमित्त भएका कारण दोस्रो क्रममा परेको छ । सुमुखीको प्रेमको पवित्रता, उसको पतिव्रतता, सतित्व र आदर्शको माध्यमका रुपमा प्रेमबहादुर पात्र सिर्जना गरिएका कारण प्रमुख भूमिका भए पनि उनी सुमुखी पात्रका निमित्त बनेका छन् ।

सुमुखीसँग सानैदेखी बालसुलभ प्रेम र पछि विवाह बन्धनमा बाँधिएको प्रेमबहादुर नामक चरित्रको आयोजना एक आज्ञाकारी, भाग्यवादी, निष्ठावान् पात्रका रुपमा गरिएको छ तर उसमा नायकमा हुनपर्ने धीरोदात्त गुण छैन । ऊ भाग्यको खेललाई चुपचाप स्विकार्छ । सुमुखीलाई सच्चा प्रेम गर्छ । उसप्रति इमान्दार छ । उसलाई विहे गरी पत्नी तुल्याउन चाहन्छ । सुमुखीका बाबुले उससँग छोरीको बिहे नगरिदिने भएपछि विह्वल बन्दछ । सुमुखीलाई उसका बाबुका सहमतिविना बिहे गर्ने प्रयत्न पनि गर्दैन । सुमुखीलाई बिर्सन पनि सक्दैन बरु आफ्नो विक्षिप्त मन लिएर उसैबाट टाढा हुन खोज्छ । बाबुको आदेशअनुसार आँखामा पट्टी बाँधिएर अपरिचत केटीसित मण्डपमा बस्छ । बिहेपछि पाँच वर्षसम्म दुलहीलाई देख्न भेट्न नहुने भन्ने ज्योतिषीवाक्यको चुपचाप पालना गर्छ । सुमुखीलाई सच्चा प्रेम गर्छ तर प्रेमप्राप्तिका लागि कुनै पहल गर्दैन । राजाले सुन्दारी सुन्दरी राजकुमारीसित विवाह गरिदिन्छु भन्दा मान्दैन । जीवनभर अविवाहित बस्न तयार हुन्छ । सुमुखीप्रति उसको प्रेम अगाध, प्रगाढ र अनुपम छ । यसरी हेर्दा प्रेमबहादुर एक इमान्दार प्रेमी हो तर ऊ बहादुर छैन । निस्क्रिय छ । सुमुखीको प्रेम र पतिव्रता सङ्कल्प प्रस्तुत गर्ने एक स्थापनाका रुपमा मात्र प्रेमबहादुर रहेका छन् ।

यसरी हेर्दा प्रेमबहादुर एक सपाट, अपरिवर्तनशील, पुरुष पात्र हुन् । उनी एक आदर्श प्रेमी हुन् । समग्रमा उपन्यासका नायक प्रेमबहादुर नायिकाका छायाँमा परेका कमजोर तर बलियो आदर्श बोकेका पात्र हुन् । उपन्यासका प्रमुख अनुकूल पुरुष पात्र हुन् ।

#### ४.२.२.३ सहायक पात्रहरू

सुमुखीका बाबु धनपति साहु सहायक पात्र हुन् । उनी भाग्यवादी, ईश्वरमाथि भक्ति राख्ने, ज्योतिषीले गरेको भाग्यदृष्टि तथा भविष्यवाणीमा विश्वास राख्ने व्यक्ति हुन् । उनी अन्तर्मुखी तर बुद्धिमान् पात्र हुन् । ज्योतिषले भनेको कुरा सबैलाई नदेखाई लुकाएर राख्नु, सुमुखीको विवाह उसकै इच्छानुसार प्रेमबहादुरसँग गरिदिनु, सुमुखीका ग्रहदशाअनुसार चाँडै विवाह गरेर सँगै बसेमा प्रेमको मृत्यु हुने भएकाले प्रेम र सुमुखीलाई थाहै नदिई ठीक समयमा बिहे गरिदिनु, प्रेमलाई तिब्बत पठाउनु, छोरीले गुप्त विवाह नगरोस् भनेर ज्योतिषीको अर्धपत्र उसले भेट्ने ठाउँमा राखिदिनु जस्ता घटनाले धनपति साहुको बुद्धिमटापूर्ण व्यवहार, अन्तर्मुखी स्वभाव तथा असल नियत स्पष्ट हुन्छ । उनी असल बाबु हुन्, बुद्धिमान् अभिभावक र एक आदर्श व्यक्ति हुन् । उपन्यासका सहायक र अनुकूल पात्र हुन् । ज्योतिषी आनन्द गुरु ज्योतिष विधाका विद्वान् हुन् । उनी मानिसका भाग्यरेखा हेरी उसको भविष्य बताउन सक्छन् । कस्तो कार्य गरेमा भविष्यमा कस्तो फल मिल्दछ भन्ने उनी बताउँन सक्दछन् । उनी सेवाभाव भएका, अरुको भलो चाहने व्यक्ति हुन् । उनी काशीमा रहन्छन् । त्यहीबाट उनले सुमुखीको भविष्य सुरक्षित र सुन्दर बनाउन विवेकपूर्ण तरिकाले ठूलो योगदान दिएका छन् । ग्रहदशाअनुसार सुमुखीले बिहे गरेका खण्डमा प्रेमबहादुर २८ वर्षमा मर्ने र त्यो २८ वर्षे सीमा पार गर्न सफल भएमा ८० वर्षसम्म बाँच्न सक्ने कुरा पत्ता लगाएर उनले त्यो कुरा समयमै बताई त्यसको निदान र उपचार पनि बताए । बुद्धिमतापूर्ण तरिकाले सुमुखीको विवाह उसलाई थाहै नदिई आँखामा पट्टी बाँधेर प्रेमबहादुरसँग गराइदिएका छन् । पछि सुमुखीको दुःख देख्न नसकी राजालाई सुमुखी र प्रेमबीच मिलन गराउने दायित्व छाडेर काशी फर्केका छन् । उनका यी क्रियाकलापले उनी एक असल, विद्वान्, अभिमान नभएका हितैषी व्यक्तिका रुपमा देखिन्छन् । यस उपन्यासका सहायक पुरुष चरित्र आनन्द गुरु अनुकूल पात्र हुन् ।

राजा प्रजापालक देखिन्छन् । सुमुखी र प्रेम राजाका केवल प्रजा हुन् तर उनले तिनीहरूमाथि दयाभाव राखेका छन् । राजा दयालु पात्र हुन् । उनी ज्योतिषी गुरु वा योगीको आदर गर्दछन् । आनन्द गुरु नामक ज्योतिषीको आग्रहकै भरमा उनले प्रेम र सुमुखीको प्रेमभावको परीक्षा लिने तथा उनीहरूको मिलन गराउने कार्य गरे । उनी सहायक, अनुकूल तथा उपन्यासका एक उल्लेखनीय पुरुष पात्र हुन् ।

विमला राजाद्वारा खटाइएकी सुमुखीकी दुःखकी साथी हो । विमला राजाप्रति उत्तरदायी छे र राजाका आदेशानुसार सुमुखीप्रति पनि उत्तरदायी छे । सुमुखीको रेखदेख तथा उसको सतित्वको परीक्षामा ऊ सहभागी छे । विधवा नारी विमला उपन्यासकी सहायक नारी पात्र हो । उपन्यासमा पात्रहरूको चयन र आयोजना लेखकीय उद्देश्यअनुसार सन्तुलित र उत्कृष्ट छ ।

### ४.२.३ पर्यावरण

पर्यावरण भन्नाले देशकाल परिस्थिति तथा त्यसको मानसिक प्रभाव भन्ने बुझिन्छ । 'एक जोर औँठी' उपन्यास कुनै खास नगर (सम्भवत : काठमाडौं) लाई स्थानिक केन्द्र बनाई रचना गरिएको छ । नगरोन्मुख बस्ती भए पनि समाज मध्यकालीन नै छ किनभने व्यक्तिहरू सबै भगवान्, भाग्य र लीलामा विश्वास गर्छन् । आदर्श धर्म र ईश्वरकेन्द्री छ । मानिस आफ्नो कर्तव्य केवल ईश्वरको इच्छामा निर्भर रहेको ठान्छन् ।

ईश्वरको इच्छाविना कसैले केही गर्न सक्दैन । ईश्वरको इच्छा वा उसको भाग्यको व्याख्या ज्योतिले गर्दछन् । 'एक जोर औँठी' शीर्षक उपन्यासको पर्यावरण त्यही समयमा आधारित छ । विज्ञान प्रविधिको विकास नभइसकेको र मानिसमा प्रकृतिसँग सामना गर्ने आत्मविश्वास नभएको समय यसले प्रस्तुत गरेको छ ।

विवाह आदि परम्परा र संस्कृति पनि हिन्दु धर्मशास्त्र र परम्पराअनुसार आदर्श किसिमको हुनुपर्ने आग्रह उपन्यासको समाजमा रहेको छ । प्राकृतिक वातावरण पनि मनोरम भएका कारण पूरानै समयको स्थिति छ । राजा रहेको देशको कुरा भएकाले राजतन्त्रात्मक स्थिति देखिन्छ । राजालाई प्रजापालक अभिभावकका रुपमा चित्रण गरिएको छ । एक पति तथा एकपत्नी व्रतको प्रशंसा गरिएको छ । सतीप्रथालाई कुप्रथाका रुपमा नभई नारीको धर्मका रुपमा चित्रण गरिएको छ । पौराणिक हिन्दु समाजको सांस्कृतिक आदर्शप्रति मोह राख्ने धार्मिक समाजको कल्पना गरिएको छ । यही समाज, पूरानै समय र परिस्थिति यस उपन्यासको पर्यावरण हो ।

### ४.२.४ दृष्टिबिन्दु

उपन्यासमा कथाविना वा समाख्याताले कथा भन्नका लागि उभिएको ठाउँ नै दृष्टिबिन्दु हो । कथायिताले घटना वा विषयको कसरी चित्रण गर्छ भन्ने यसमा विश्लेषण गरिन्छ ।

सामान्यतः प्रथम पुरुषीय (आन्तरिक) र तृतीय पुरुषीय (बाह्य) गरी दृष्टिबिन्दु दुई प्रकारको हुन्छ । हुनत द्वितीय पुरुषीय दृष्टिबिन्दुको पनि चर्चा सुनिन्छ तर त्यो त्यति स्पष्ट भेद होइन ।

तृतीय पुरुषीय वा बाह्य दृष्टिबिन्दु भन्नाले उपन्यासमा कथा भन्नका लागि कथायिताले आफू कथा भित्र नबसी बाहिरको स्थान रोजेको शैली हो । 'म' पात्र आफू उपस्थित नभई कथाबाहिरै बसेर द्रष्टाका रुपमा तृतीय पुरुषको कथा भन्दछ भने त्यसलाई तृतीय पुरुषीय दृष्टिबिन्दु भनिन्छ । 'एक जोर औँठी' शीर्षक उपन्यासमा कथायिता अनुपस्थित छ । उसले बाहिर बसेर तृतीय पुरुष 'ऊ' (सुमुखी) को कथा भनेको छ । यसरी कथाभन्दा उसले सुमुखीका हरेक क्रियाकलाप, सोचाइ र घटनाको वर्णन गरेको छ ।

तृतीय पुरुषीय दृष्टिबिन्दु सर्वज्ञ र सीमित गरी दुई प्रकारको हुन्छ । पात्रका सम्पूर्ण बाह्य र आन्तरिक दशाको चित्रण गर्ने शैली बाह्य सर्वज्ञ दृष्टिबिन्दु हो । विवेच्य उपन्यास 'एक जोर औँठी' मा यस प्रकारको बाह्य सर्वज्ञ दृष्टिबिन्दु प्रयोग गरेको छ ।

### ४.२.५ सारवस्तु

'एक जोर औँठी' उपन्यास हिन्दु परम्परामा आधारित आदर्शको अभिव्यक्ति दिने उपन्यास हो । यस उपन्यासले नारीहरूले कस्तो प्रकारको धर्म र कर्तव्यको पालना गर्नुपर्दछ भन्ने कुराको चर्चा गरेका छन् । छोरीको धर्म आमाबाबुको आज्ञाको पालना गर्ने हो भन्ने कुरा मुख्य पात्र सुमुखी र अर्का पात्र प्रेमबहादुरका माध्यमबाट प्रस्तुत गरिएको छ । पत्नीको धर्म भनेको पतिको सतित्वमा बस्नु वा पतिव्रता भएर बस्नु हो । उसले जस्तोसुकै कुरामा पनि अडिग भएर पतिव्रता धर्मको पालना गर्नुपर्छ भन्ने कुरा सुमुखीका माध्यमले प्रस्तुत गरेका छन् । व्यक्ति वा मानिसले मानवीयता कायम राखी प्रेमको आदर गर्नुपर्छ । केटा वा केटीले आफ्नो प्रेम सदैव कायम राख्नुपर्छ । जसलाई जीवनसाथी बन्ने मन र वचन दिएको छ उसैसँग बिहे गर्नुपर्छ वा बाल्यप्रेमलाई सधैँ कायम राख्नुपर्छ । स्वार्थपूर्तिका लागि प्रेमको आहुति दिनु हुँदैन भन्ने उनको विचार पनि सुमुखीको चरित्र निर्माणबाट स्पष्ट पारिएको छ ।

हिन्दु सनातन धर्मका वर्णन गरिएको राजा, प्रजा, पति, पत्नी, छोरा, छोरी आदिको कर्तव्य र धर्मलाई उपन्यासले सार्वभौम तथा सर्वकालीन मान्यताका रुपमा औपन्यासिक

समाजमा स्थापना गरेको छ । नारीको कर्म, धर्म र कर्तव्य तथा त्यसको प्रतिफल सम्झाउनु नै यस उपन्यासको भित्री कुरा हो । उपन्यासको उद्देश्य र सारवस्तु पनि यही हो ।

### ४.२.६ भाषा

उपन्यास भाषाका माध्यमको प्रकट हुने कला हो । यसमा जुन समाज, समय र स्थितिमा जस्ता पात्रको यथार्थ प्रतिबिम्बन गर्न खोजिएको हुन्छ भाषा पनि त्यस्तै हुन्छ । 'एक जोर औँठी' शीर्षकको विवेच्य उपन्यास हिन्दु धर्म र परम्परामा आधारित काल्पनिक तथा आदर्श समाज, त्यहाँको साँस्कृतिक वातावरण तथा पात्रहरूको स्थिति प्रस्तुत गरी वर्तमान समाजलाई नैतिक उपदेश दिने विषयमा रचना गरिएको उपन्यास हो । हिन्दु धर्मका पौराणिक धार्मिक ग्रन्थहरू नेपाली भाषाको माउ भाषा संस्कृतमा रचना गरिएका हुन्थे । नेपाली भाषा संस्कृत भाषाबाटै विकसित भएको हो । अर्थात् विद्यमान नेपाली भाषी समाज संस्कृत-भाषी प्राचीन समाजकै उत्तरोत्तर विकास हो । यस भाषामा नै हिन्दु धर्म मान्ने व्यक्तिहरू धार्मिक अनुष्ठानहरू अद्यापि सम्पन्न गर्दछन् । यस हिसाबले नेपाली साहित्य पनि आरम्भमा संस्कृत साहित्यकै अनुकरण र प्रभावमा हुर्किएको हो । संस्कृत भाषाका धेरै शब्द वर्गमा नेपाली भाषामा प्रचलित रहे जस्तै धार्मिक-नैतिक सन्देशयुक्त विवेच्य उपन्यास 'एक जोर औँठी' मा पनि तत्सम शब्दको प्रचुर प्रयोग भएको छ । नमुनाका लागि उपन्यासको प्रथम पृष्ठबाट तलको वाक्य हेरौँ :

"वासन्ती समीरले कल्लोलित भएका वृक्षशाखाहरू, प्राण-वियोगी, शुष्क-हृदया युवतीले प्राणेश्वरको दर्शनमा भेटी चढाएका मोतीका कष्ठ स्वरुप अश्रुधाराझैँ वसन्तको सुखमिलनमा बर्रबर्र गरेर आफ्ना फूलस्वरुप हारको उपहार पहिराइ रहेका थिए" (चालिसे, १९९७ : पृ. १) ।

यसरी तत्सम शब्दका केही अप्रचलित शब्दहरूको प्रयोगले वाक्य चयन केही जटिल भए पनि दुर्बोध्य छैनन् । नेपाली भाषा माध्यमिककालीन नेपाली साहित्यका अन्य कृतिहरूमा पनि परिष्कृत नरहे जस्तै यस उपन्यासमा पनि परिष्कृत छैनन् । संस्कृतका परिष्कारयुक्त शब्दको प्रयोग भए पनि नेपाली भाषानिष्ठ परिष्कार यस उपन्यासमा अपेक्षित पनि हुँदैन किनभने यो माध्यमिककालीन प्रवृत्ति र विषयकै उपन्यास हो । यसको मूल्याङ्कन त्यही रुपमा गरिनुपर्छ । पूर्णविरामको सट्टा अङ्ग्रेजी भाषाको थोप्लो (.) (full stop) प्रयोग गरिने यस उपन्यासमा अर्को रोचक पक्ष छ ।

संवाद प्रयोग पनि आवश्यकतानुसार गरिएका छन् । संवादमा प्रयोग गरिएको भाषा औपचारिक किसिमको छ । अनौपचारिक र स्वाभाविक प्रचलनमा प्रयोग हुने संवादको अभाव छ । यी संवाद र उपन्यासको समग्र भाषाले माध्यामिक कालीन अन्य साहित्यिक कृतिहरूका साथै नेपालीमा अनुदित 'स्वस्थानी व्रतकथा' वा अन्य कथाहरूको झझल्को दिन्छ । नेपाली साहित्यको माध्यमिककालीन कृतिहरूमा प्रयुक्त भाषिक विशेषताहरू लक्ष्मीनन्दन चालिसेद्वारा लिखित यस उपन्यासमा पनि पाइन्छन् ।

सुमुखीले प्रेमबहादुरलाई सम्बोधन गर्दा 'हजुर' सम्बोधन गरेकी छन् भने प्रेमले सुमुखीलाई 'तिमी' सम्बोधन गरेकी छन् । राजालाई 'सरकार' सम्बोधन गरेकी छन् । यसरी हेर्दा यस उपन्यासमा सामाजिक स्तरअनुसार प्रयोग गरिने समाजभाषिक कोड पनि प्रयोग गरिएको छ । समग्रमा यस उपन्यासमा कलात्मक भाषाको प्रयोग गरेको देखिन्छ । प्रतीकको र बिम्बको सहज प्रयोग पनि यसमा गरिएको छ । पृ.२०

## ४.३ निष्कर्ष

लक्ष्मीनन्दन शर्मा चालिसेद्वारा लिखित उपन्यास 'एक जोर औंठी' आदर्शवादी उपन्यास हो । मानिसलाई, उसका क्रियाकलापलाई तथा समग्र सांसारिक सत्यलाई ईश्वरको लीलाका रुपमा चित्रण गरिएको यस उपन्यासमा भाग्यवादी चिन्तनको प्रतिपादन गरिएको छ । मानिसले धार्मिक र नैतिक अचारणमा रहेर कर्म गरेमा प्रतिफल पनि त्यसैअनुसार सकारात्मक पाउने कुरा समुखीको प्रेमकथाका आधारमा पुष्टि गरिएको छ । त्यसैमार्फत लेखकले ईश्वरका इच्छाविपरीत केही कुरा नहुने भएका कारण दुःखमा आत्तिन नहुने सन्देश दिएका छन् । मानिसले धैर्य छाड्नु हुँदैन । एक न एक दिन राम्रो सुकर्मको प्रतिफल पनि शुभ नै हुने विश्वास पनि सुमुखीको कथाबाट प्रस्तुत गरिएको छ ।

मानिसको भाग्य, ग्रहदशा र ज्योतिषीय गणानाका आधारमा मानिसले के गर्न हुन्छ, के गर्न हुँदैन भनी छुट्याउनुपर्ने र ज्योतिषले ठम्याएअनुसार गर्नुपर्ने भाग्यवादी दृष्टि पनि यसमा प्रस्तुत गरिएको छ । मानिस आफैँ केही गर्न सक्दैन सबै ग्रहदशा र ईश्वर लिखित भाग्य रेखामा भर पर्छ भन्ने दृष्टि यसमा आएको छ । मानिस ईश्वरको लीलामा सहभागी निरीह पात्र मात्र हो । त्यसैले ईश्वष्रका विरुद्ध कुनै प्रश्न उठ्ने कल्पना यस उपन्यासमा गरिएको छ । संस्कृत भाषा, माध्यमिक नेपाली साहित्य तथा संस्कृतमा लिखित ग्रन्थको प्रभावमा रचित यो मनोरञ्जनात्मक र नैतिक शिक्षाप्रद उपन्यास हो ।

# पाँचौँ परिच्छेद
# लक्ष्मीनन्द शर्मा चालिसेको कृतित्वको अध्ययन र विश्लेषण

लक्ष्मीनन्द शर्माको पुस्तककार कृतिका रूपमा एउटा उपन्यास मात्र प्रकाशित भए पनि फुटकर रूपमा उनका बहुविधा रचनाहरू प्रकाशित छन् । उनका अन्य रचनाहरू कुन-कुन पत्रिकामा प्रकाशित छन् भन्ने सूक्ष्म अध्ययन हुन बाँकी नै छ तर हालसम्म प्राप्त रचनाहरूका आधारमा उनको कथाकारिता, कविता लेखन तथा निबन्धकारिता मुख्य  विश्लेषणको विषयका रूपमा प्रकट छ । उनका सर्वाधिक रचना उद्योग पत्रिकामा प्रकाशित छन् । उद्योग पत्रिकामा प्रकाशित उनका फुटकर रचनाहरूका आधारमा नै उनको रचनाधर्मिता र लेखकीय विशेषताको अध्ययन गर्नु युक्तिसङ्गत देखिन्छ । उद्योग पत्रिकामा प्रकाशित उनका चौध ओटा कविता, तीन ओटा कथा र दश ओटा निबन्धका आधारमा उनको लेखकीय विश्लेषण यहाँ प्रस्तुत गरिएको छ

## ५.१ लक्ष्मीनन्दन शर्माका फुटकर कविताहरूको अध्ययन

पुस्तकाकार रूपमा कुनै कविताकृति प्रकाशित नभए पनि लक्ष्मीनन्दन शर्माका फुटकर कविताहरू उनका महत्वपूर्ण साहित्यिक उपलब्धि हुन् । हाल प्राप्त चौध ओटा फुटकर कविता हेर्दा उनी एक आदर्शवादी कविका रूपमा देखिन्छन् । उद्योग पत्रिकाका ती चौध ओटै कविताको सङ्क्षिप्त अध्ययन गरी उनका समग्र काव्यिक प्रवृत्ति तथा उपलब्धिको रेखाङ्कन गर्न सकिन्छ ।

लक्ष्मीनन्दन शर्माका हाल प्राप्त कविताहरू हुन् :

(१) 'प्यारो कलम'
(२) 'दीपावली '
(३) 'प्रश्नोत्तरी'
(४) 'खर्पन'
(५) 'मैतालु मैजू'
(६) 'आशीर्वाद'
(७) 'पुष्पाञ्जली'
(८) 'महुरी रानी'
(९) 'चिट्ठा'
(१०) 'यो र ऊ को' ?
(११) 'होरी'
(१२) 'सूर्य'
(१३) 'ठूलो देश कुन हो'
(१४) 'वर्षा'
(१५) 'शुभकामना'

यिनै कविता सङ्क्षिप्त विवेचना यहाँ प्रस्तुत छ । 'प्यारो कलम' शीर्षक कविता उद्योग पत्रिकाको वर्ष २ सङ्ख्या २ वि.स. १९९३ साल आश्विन १५ गते प्रथम पटक प्रकाशित भएको देखिन्छ । चार पाउका ९ श्लोक गरी जम्मा ३६ पङ्क्ति रहेको यो कविता शिखरिणी छन्दमा रचना गरिएको छ । कलमलाई जागृतिको प्रतीकका रूपमा प्रस्तुत गरिएको यो कवितामा कविले कलमलाई नै सम्बोधन गरेका छन् । कसैले तेरो अपमान गरेका होलान् तर सुर्ता नलिई अगाडि बढ्न केही दिनपछि घरभरि उज्यालो देख्निछस् भनी कविप्रौढोक्ति शैलीमा कलमलाई भनिएको छ । कलमको मानवीकरण गरी उसलाई निडर भएर चेतनाको ज्योति जगाउन आह्वान गरिएको छ । युद्ध प्रभुवर (राजा) पनि कलमलाई टेवा  दिन रहर गरिबक्सने कुरा यसमा उल्लेख छ । आफ्नो कलमबाट त्रसित तत्कालीन शासकहरूका आँखामा धुलो फाल्न यस्तो कथ्य प्रयोग गरेको हुनसक्छ । त्यस समयमा शासकहरूको डरले लेख्न छाडेका लेखकहरूलाई पनि यो सम्बोधन हुन सक्छ । जस्तोसुकै परिस्थितिमा पनि आफू कलम नछाड्ने शर्माको सङ्कल्प पनि यस कवितामा अभिव्यक्त छ ।

'दीपावली' शीर्षक कविता वि.स. १९९३ साल कार्त्तिकको उद्योग पत्रिकाको वर्ष २ सङ्ख्या ४/५ मा प्रकाशित छ । 'दीपावली' वा तिहारको रमझमको वर्णन गरिएको छ । तिहारमा पूजा गरिने सबै देवदेवी, पशुपक्षी आदिको वन्दना यस कवितामा गरिएको छ । मालिनी छन्दको प्रयोग गरी चार पाउको एक श्लोक हुने जम्मा दश श्लोकमा यो कविता रचना गरिएको छ । चाडपर्वमा भगवानको पूजा गरिने र मानिसहरूबीच आपसी प्रेम, सदाचार र हर्षोल्लास साटिने सन्दर्भ वर्णन गरिएको छ ।

'प्रश्नोत्तरी' शीर्षक कविता उद्योग पत्रिकाको वर्ष २ सङ्ख्या ६ मा प्रकाशित छ । यसमा मानिसलाई उत्तम जीवन बाँच्ने तरिका प्रश्नोत्तर शैलीमा बनाइएको छ । प्रत्येक श्लोकको सुरुको पाउमा प्रश्न र बाँकी तीन पाउमा उत्तर दिइएका छन् । यस्ता प्रश्नोत्तर गरिएका जम्मा १० ओटा श्लोकमा यो कविता सिर्जना भएको छ । द्रुतविलम्बित छन्दमा लेखिएको यस कविताले मानिसलाई असल, आदर्श र अनाशक्त योगी (कर्मयोगी) बन्न नैतिक उपदेश दिएको छ ।

'खर्पन' शीर्षक कविता उद्योग पत्रिकाकै वर्ष २ सङ्ख्या ८ मा प्रकाशित छ । वि.सं. १९९३ साल पुषमा प्रकाशित यस कवितामा सामान बोक्ने खर्पनलाई मानवीकरण गरी उसैलाई सम्बोधन गरिएको छ । मानिसको सहयोगीका रुपमा खर्पनको गुणबखान गरिएको छ ।

वसन्ततिलका छन्दमा रचना गरिएका जम्मा एघार ओटा श्लोकहरूमा यसको आयाम विस्तारित रहेको छ । मानिसदेखि वस्तुसम्म बोक्न निल्ने खर्पन निकै महत्त्वपूर्ण वस्तु हो । अल्छी नगरी काम गरेर खानेहरूलाई खर्पनको महत्त्व थाहा हुन्छ तर बसिबासी खानेहरूका लागि खर्पन महत्त्वहीन लाग्न सक्दछ । त्यस्तो महत्वपूर्ण र कामलाग्दो वा उपयोगी वस्तुको गुण चिन्न नसक्ने मान्छे बैगुनी हुन् भन्ने लेखको ठम्याइ रहेको छ । मैताल‌ु मैजू शीर्षक कविता उद्योग पत्रिकाको वर्ष २ संख्या ८ मा प्रकाशित भएको हो । काठमाडौंको सहरिया नेवार घरकी छोरी-चेली भएर पनि गाउँमा विवाह भएकी बहिनी माइत आउँदा आफ्ना दाज्यूसँग भएको वार्तालाप यस कवितामा प्रस्तुत गरिएको छ । जाडो महिना भएकाले मलमल रुवादार बाक्ला दोलाइ, ऊनी स्विटर, गलबन्दी, लामो कोट, असल मिहिन कस्मिरा चोला, रङविरङका पश्मिना वा चदरसहितका मोजा के के विदेशी आधुनिक लुगा किनिदिऊँ भनी दाज्यूले बहिनीलाई सोधेको छ । बहिनी त्यस्ता विदेशी लुगा लगाउन चाँहदिनन् । उसलाई आफ्नै हातले बुनेका घरबुना, खागी र पटासी लगाउन मन छ । त्यसैले, बरु चर्खा किनिदिन दाजुलाई आग्रह गर्छ । सहरियाकी छोरी भए पनि उसलाई विदेशी नक्कली लुगा मन पर्दैनन् र नचाहिँदो तडकभडक पनि मन पर्दैन । बाबुले कमाएको सम्पतिमा थप्नुको साटो उल्टै अनावश्यक खर्च गरेर सम्पत्ति रित्याउँदै ऋण मात्र बढाउने दाज्यूको चाला बहिनीलाई मन परेको छैन । आफ्नो लोग्ने, ससुरा र सासूले पनि विदेशी लुगाको तडकभडक मन पराउँदैनन् त्यसैले त्यस्ता लुगा लगाएर घरमा माइतीको फुर्ती वा इज्जत बढ्ने होइन बरु घट्छ त्यसैले त्यस्तो फुस्रो फुर्ती ढाँचा गर्नुभन्दा इलम गरी बस्न बहिनीले दाज्यूलाई सल्लाह दिएकी छे । यही सल्लाहले दाज्यूको पनि आँखा खुलेको छ । विदेशी संस्कृतिको दुष्प्रभाव बढ्दै गइरहेको नेपाली समाजलाई त्यसबाट मुक्त गरी स्वावलम्बी बन्न र आफ्नै राष्ट्रिय अर्थतन्त्रको विकास गर्न यस कविताले प्रेरणा दिएको छ । यही देशभक्ति राष्ट्रियताको भाव यस कविताको मूल भाव हो । ४-४ पाउका जम्मा २३ श्लोक रहेको यस कवितामा पहिलोदेखि सातौं श्लोकसम्म दाज्यूको भनाइ र आठौँदेखि तेइसौँसम्म बहिनीको कथन रहेको छ । दुई नगण, एक नगण र दुई यगण गरी जम्मा १५ अक्षर हुने मालिनी छन्दमा रचित यस कवितामा भाव र लय दुवैको अनुपम सन्तुलन छ ।

'आशीर्वाद पुष्पाञ्जली' शीर्षकको कविता एक परिष्कारवादी शैलीको स्तुति कविता हो । तत्काली राजा त्रिभुवनको राज्याभिषेकको रजत महोत्सवका अवसरमा यस कविताको रचना गरिएको छ । उद्योग पत्रिकाको वर्ष २ सङ्ख्या १३ मा प्रकाशित यस कवितामा राजा त्रिभुवनको प्रशंसा मात्र गरिएको छ । अतिशयोक्तिपूर्ण तरिकाले उनको महिमागान गरिएका चार-चार

पाउका दश ओटा श्लोकमा यो कविता रचिएको छ । मगण, रगण, भगण, नगण र तीन ओटा यगण भएका जम्मा २१ ओटा वर्ण हुने स्रग्धरा छन्दमा रचना गरिएको यस कवितामा कतैकतै छन्द भङ्ग भए पनि मूलतः लय परिष्कृत छ । राजा त्रिभुवनको पच्चीसौँ राज्यवर्ष देख्न पाएर सबै नेपाली धन्य भएको लेखकको मन्तव्य यसमा रहेको छ । यसरी राजा त्रिभुवनको अतिशय प्रशंसा यथार्थवादी नभए पनि नेपाली कवितामा प्राथमिक कालदेखि आधुनिक कालसम्मै कायम रहेको स्तुति काव्यपरम्परामा यसको पनि आफ्नै स्थान अवश्य रहेको छ ।

'महुरी रानी' शीर्षक कवितामा असाध्य मिहिनेती र समूहमा काम गर्ने किराका रुपमा चिनिने माहुरीको वर्णन गरिएको छ । कहिल्ये अल्छी नगर्ने, सधैँ फुर्तीसाथ परिश्रम गर्ने माहुरीबाट मानिसले पनि सिक्नुपर्छ भन्ने सन्देश यस कविताले दिएको छ । माहुरीका पनि दैनिक जिम्मेवारी होलान् भन्दै नेपाली गृहिणी महिला वा नारी जातिसँग माहुरीको तुलना गरेका छन् । घरमा लोग्ने, छोराछोरी, सासूससुरा आदिका लागि नारीहरूले गर्नुपर्ने कति काम छुट्याइएका हुन्छन् । बालबच्चाको पालनपोषण, सासूससुराको स्याहारसुसार जस्ता काम भए पनि प्रकृतिमा रमाउँदै कुनै फिक्री नमानी फूलफूलमा नाच्दै डुल्ने मौरी जस्तै सबै नारीले डुल्न सके हुन्थ्यो भन्ने कवि कल्पना यस कवितामा प्रस्तुत भएको छ । मात्रा छन्दमा लेखिएको यस कवितामा २४ ओटा श्लोक रहेका छन् ।

'चिट्ठा' शीर्षक कविता एक हास्यव्यङ्ग्य कविता हो । गीति लयका २० ओटा पङ्क्तिमा रचना गरिएको यस कवितामा कथयिता स्वयम्माथि व्यङ्ग्य गरिरहेको छ । आफू अल्छी भएका कारण आफ्नो ढुकुटीमा पसी आफूलाई धनी बनाइदिन भनी उसले चिट्ठा देवीको प्रार्थना गरिरहेको छ । भेटी चढाउने भक्ति बढाउने, चिट्ठाकै ध्यान गर्ने भएकाले खुशी भई दीनमाथि दया गर्नुहोस् भन्ने उसको देवीसित आग्रह छ । झट्ट हेर्दा हाँसो उठ्ने सतही भाव मात्र देखिने भए पनि यस कविताले परिश्रम गर्न अल्छी गर्ने तर चिट्ठा, ढुकुटी आदि खेलेर अवैध तरिकाले पैसा कमाउन चाहने समाजका कामचोर व्यक्ति र प्रवृत्तिलाई शक्तिसाली झटारो हानेको छ ।

'यो र ऊ को' शीर्षक कवितामा 'यो' सर्वनामले मानिस र 'ऊ' सर्वनामले जङ्गललाई जनाएको छ । वनजङ्गल र मानिसका बीचको वार्तालापका रुपमा यो कविता रहेको छ  धनी व्यक्तिहरूले बेवास्ता गरे पनि गरिबहरूलाई पाठ पढाउने, शिक्षा दिने र उनीहरूकै भक्ति गर्ने हुनाले आफ्नो महत्त्व बुझी प्रयोग र संरक्षण गरुन् भन्ने जङ्गलको आग्रह रहेको छ । उपजाति छन्दमा रचना गरिएको यस कवितामा जम्मा १३ श्लोक रहेका छन् । शास्त्रीय लयको यस

कविताले पनि सहज भाव सप्रेषण गरी वनजङ्गलको संवादका माध्यमबाट समस्त मानिसका लागि त्यसको अनिवार्यता प्रकट गरेको छ ।

'होरी' शीर्षक कविता पनि चेतनामूलक कविता हो । होरी भनेको वर्तमान सन्दर्भमा होली वा फागु पर्व हो । यसका अवसरमा आपसी भाइचारा वृद्धि गर्ने अवसर प्राप्त हुने भए पनि त्यसमा भित्रिएका खराब प्रवृत्तिहरूले यसलाई दूषित बनाएका छन् । त्यस्ता खराबीहरू हटाएर 'होरी' लाई असल पर्वका रुपमा विकास गर्नुपर्ने लेखकको मत रहेको असल पर्वका रुपमा विकास गर्नुपर्ने लेखकको मत रहेको छ । होरीलाई असल बनाउन उनले प्रस्तुत गरेको सुझाव साँच्चै मननयोग्य नै देखिन्छन् । केवल सुक्खा अबिर मात्र खेल्ने, धुलो, खरानी, फोहर र रङ्गीन पानी अरुलाई नछ्याप्ने, स्वदेशी लुगा मात्र लगाउने, स्वदेशी गीत मात्र गाउने, ठूलालाई मान गर्ने, सानालाई प्रेम गर्ने, झगडा नगर्ने, विदेशीको प्रभाव कम गर्ने जस्ता कार्य होरीको अवसरमा गरौं भन्ने लेखकको मत शिक्षाप्रद, व्यावहारिक र देशभक्तिपूर्ण देखिन्छ । उनको यही आदर्श सन्देश यस कवितामा प्रस्तुत गरेका छन् ।

'सूर्य' शीर्षकको सङ्क्षिप्त कविता उद्योग पत्रिकाको वर्ष १ सङ्ख्या १५ मा प्रकाशित छ । एक श्लोक मात्र आयाम भएको यस कवितामा सूर्यको वर्णन गर्दै त्यसबाट हामीले लिनुपर्ने शिक्षा के हो ? भन्ने प्रश्न छाडेका छन् । भगण, रगण, र नगण तीन ओटा यगण भएको स्रग्धरा छन्दका एक श्लोकमा चार पाउछन् । पहिला तीन पाउमा सूर्यको वर्णन र त्यसको काम बताइएको छ । जगत्को परिक्रमा गर्दै सेतो, स्वच्छ प्रकाश बाड्दै थाकेका सूर्य साँझपख विश्राम लिन्छन् । उनको यस कार्यबाट हामीले के शिक्षा लिने ? भन्ने मुक्तकीय प्रश्न पहेली कविताले पाठकमाझ छाडेको छ ।

'ठूलो देश कुन हो' शीर्षक कविता शार्दूलविक्रीडित छन्डमा रचिएको एक श्लोक भएका सङ्क्षिप्त शब्द खेल मात्र हो । यसमा ठूलो देश हाम्रै नेपाल हो भनिएको छ तर त्यो किन ठूलो किन हो भन्ने बताइएको छैन । बरु नेपाल कुन देश हो भन्ने बारेमा कवि त्यसलाई चिनाउन शब्द खेलमा लाग्दछन् । उनी भन्छन् - कैंची, कागज, काव्य, कौशल, कला, काँटा, किला, कीपट जस्ता सबै काममा उकार भएको देश नै नेपाल हो । यस कवितामा जम्मा ३४ शब्द छन् भने 'क' वर्णबाट आरम्भ हुने झङ्कारबाट एउटा श्रुतिरम्य सङ्गीत सिर्जना भएको छ तर भावका दृष्टिले यो गम्भीर छैन । सङ्क्षिप्त शब्दखेलका रुपमा यो रमाइलो मुक्तक हो ।

'वर्षा' शीर्षकको कविता मूलतः वस्तुकेन्द्री अभिधात्मक कविता हो । यसमा वर्षाको महत्त्व वर्णन गर्नुका साथै किसानको पनि महिमागान गरिएको छ । दुईदुई हरफका दश गीति श्लोक भएको यस कवितामा वर्षा ऋतुको प्राकृतिक वर्णन गरिएको छ । असारमा असारे गीत गाउँदै रमाउने किसानको कृषिचर्या पनि वर्णन गरिएको छ र किसानप्रति आदरभाव राखिएको छ । ईश्वरको सृष्टिमा सबैलाई पालनपोषण गर्ने र हर्षोन्मत्त पार्ने केवल किसान र वर्षा नै हुन् भन्ने कविको मत अकाट्य छ । कविले किसानलाई घुँडा थसेर मिहिनेत गर्न आग्रह गरेका छन् । लोकलाई पाल्ने किसान निकै जिम्मेवार व्यक्ति हुन् । ग्रामीण भेकमै भएर पनि किसानले खेती नगरे अनन नउब्जाए शहरका अन्य उद्योग चल्न सक्दैनन् । जतिसुकै सहरिया र धनी व्यक्ति भए पनि अन्ततः किसानको पसिनाबिना कसैको घर भरिन्न त्यसेले किसान आदरणीय छन् । निम्नवर्गीय किसानलाई संसारको पालनकर्ता भनेर आदर गरिएको यो कविता चालिसेका उत्कृष्ट कवितामा पर्दछ ।

उद्योग पत्रिकाको वर्ष १ सङ्ख्या २३ वि.सं. १९९३ श्रावणमा प्रकाशित 'शुभकामना' शीर्षक कवितामा जम्मा ३ श्लोक छन् । जगण र तगण दुई गुरु गरी एघार अक्षर हुने उपेन्द्रवज्रा तथा दुइटा तगण र जगण दुई गुरु गरी त्यति नै अक्षर हुने इन्द्रवज्रा छन्द मिली बनेको उपजाति छन्दमा यो कविता रचना गरिएको छ । **उद्योग** पत्रिकाको जन्ममासका उपलक्ष्यमा रचना गरिएको यस कवितामा पत्रिकाको निरन्तरताको कामना गरिएको छ । अरु उल्लेख विषय र विचार नभएका कारण यो उनका अन्य कविताजस्तो आदर्श वा विचार भएको गम्भीर कविता होइन । पत्रिकाप्रति लेखकका शुभेच्छा यसले व्यक्त गरेको छ ।

लक्ष्मीनन्दन शर्मा चालिसेका सबै कविताहरू हेर्दा उनी परिष्कारवादी शैली आदर्शवादी विचारका कवि हुन् भन्ने देखिन्छ । **उद्योग** पत्रिकामा प्रकाशित उनका हाल प्राप्त चौध ओटा कविताका आधारमा हेर्दा उनका कविताहरू मध्यम स्तरका छन् । वर्णमात्रिक छन्दमा लेखिएका कतिपय कविताहरू गम्भीर भाव बोकेका दार्शनिक पनि छन् तर कतिपय केवल मनोरञ्जनात्मक पनि छन् ।

संस्कृत साहित्यका परिष्कृत कविताका प्रभावमा विभिन्न वार्णिक, मात्रिक छन्दमा कविता लेख्ने परिष्कारवादी कविहरू जस्तै लक्ष्मीनन्दन चालिसे पनि छन्दमा शिल्पयुक्त कविता लेख्ने प्रतिभा हुन् । उनका खर्पन, वर्षा जस्ता कतिपय कविताले निम्न वर्गीय किसान, भरिया आदिको महिमागान गरेका छन् । राष्ट्रिय उद्योग विकास गर्नुपर्ने र स्वनिर्भर देशका लागि स्वनिर्भर

अर्थतन्त्र निर्माण गर्नुपर्ने राष्ट्रियतावादी देशभक्ति पनि कविताबाट व्यक्त गरेका छन् । उनी देशप्रेमी, आदर्शवादी कवि हुन् ।

## ५.२ लक्ष्मीनन्दन शर्माका फुटकर कथाहरूको अध्ययन

लक्ष्मीनन्दन शर्माका जम्मा तीन ओटा कथाहरू प्रकाशित रहेका देखिन्छन् । ती कथाहरूले उनका कथालाई दुई प्रकारमा विभाजन गरेको छ ।

१. आदर्शवादी
२. सामाजिक यथार्थवादी

शर्माको आदर्शवादी एउटा मात्र कथा प्रकाशित छ । त्यो 'भिखारीसँग के को भिख ?' शीर्षकमा प्रकाशित छ । यस कथामा मानिसले साथीको अपमान गर्नु हुँदैन, मित्रतामा कोही सानो ठूलो हुँदैन भन्ने सन्देश रहेको छ । एउटा सामान्य किसान र अर्को शक्तिशाली राजाका बीचको मित्रताको चित्रण गरी मित्रताको महत्त्व दर्शाइएको छ । अनिकाल लागेर भोकभोकै परेको किसान आफ्ना स्वास्नी तथा छोराछोरीका लागि आफ्ना साथी राजाकहाँ गई मद्दत प्राप्त गरेको अयथार्थ, काल्पनिक, उडन्तस्तरीय तथा स्वैरकाल्पनिक छ । यसले माध्यमिककालीन नेपाली कथाका प्रवृत्तिहरू बोकेको छ ।

सामाजिक यथार्थवादी कथामा उनका अरु दुई कथाहरू 'भोक' र 'बालविधवा' पर्दछन् । भोक शीर्षक कथा कुनै ग्रामीण क्षेत्रमा सामान्य किसान परिवारमाथि सङ्कटका बेलामा सरकारले सहयोग गर्नुको साटो झन् यातना र प्रताडना दिएको विषय रहेको छ । कथामा भौगोलिक नेपालकै चित्र खिचेको छ । अनिकाल लागेर घरमा खानेकुरा जुटाउन धौधौ परिरहेका बेला बारीमा सलहले सबै खेती नष्ट गरिदिएपछि समस्या झन् जटिल बन्दछ । राज्यले राहत दिनुका सट्टा किसानसँग मालपोत उठाउन मान्छे पठाउँछ । मालपोत तिर्न कुनै जिन्सी नभए पछि कथाको मुख्य पात्र किसानले जति अनुनयविनय गरे पनि सिपाहीले नमानी उसको सबै सम्पत्ति लिलाम गर्छ र उसलाई जेलको छिडीमा कोच्छ । लोग्ने जेलमा कोचिएपछि किसानकी स्वास्नी छोरालाई मर्न दिन विवश हुन्छे । छोरो भोकले मरेपछि आफू पनि भोक र सुर्ताले मर्छे र कथा समाप्त हुन्छ । राणाकालीन नेपालमा जनताले सरकारबाट सास्ती बेहोर्नुपर्ने, शोषण दमन सहेरै अकालमा ज्यान गुमाउनुपर्ने स्थिति थियो । सरकारी रवैया अमानवीय, निरङ्कुश, पशुवत्

थियो र जनताको जीउ, धनको रक्षक बन्नुपर्ने सरकार आफैँ भक्षक बनेको थियो । नेपाली समाज र राजनीतिको यही यथार्थ यस कथाले प्रस्तुत गरेको छ ।

अभिव्यक्ति स्वतन्त्रता नभएको त्यस बेलाको डरलाग्दो राणा शासनकालमा शासकीय कुदृष्टिबाट बच्ने उनले यस कथामा नेपालकै वर्गीय यथार्थ प्रस्तुत गरे पनि भारतको स्थानिक परिवेश उल्लेख गरेका हुन् भन्ने देखिन्छ ।

सामाजिक यथार्थवादी धाराको उनको अर्को कविता 'बालविधवा' हो । यस कथामा उनले बालविवाहको परिणामबाट अबोध बालिकाहरू विधवा हुनुपरेको सामाजिक यथार्थ प्रस्तुत गरेका छन् । नौ वर्षको बाल्यकालमा नै पति गुमाएकी एक अबोध बालिका यौवनावस्थामा पुग्दा उसले भोग्नुपर्ने शारीरिक, मानसिक, सामाजिक र अन्य सांस्कृतिक समस्याहरू अवश्य पनि गहन र जटिल छन् भन्ने लेखकले देखाएका छन् । यस कथाकी नायिका वा मुख्य पात्र बालविधवा पात्र हो । उसको पति बितेको समयमा ऊ पति गुमाएको कारणबाट भन्दा रङ्गीन चुरा फुटेको कारणबाट दुःखी भएकी थिई । जब उसको शरीरमा यौवनको लक्षण आयो र ऊ लोग्ने वा पतिको अर्थ बुझ्न सक्ने भई उसले आफूलाई असहाय पाई र विधवा हुनुको पीडा बल्ल बुझी । समाजको तिरस्कार, अपमान र अलच्छिना ठानिने आफ्नो अभिशप्त स्वरुप उसले स्वीकार गरी नै रहेकी थिई । जब सामान्य प्राकृतिक नियमअनुसार एकपटक वसन्तको स्वाभाविक आगमनलाई उसले एकपटक स्वीकार गरी र त्यसको प्रभावबाट उसमा उस्तै प्राकृतिक नियमानुसार गर्भ आयो तब उसले समाजसामु सामना गरेर बाँच्न सक्ने स्थितिमा आफूलाई पाइन् । त्यसपछि उसले आत्महत्या गरी । जसको कारणबाट आफूमा गर्भ आएको थियो त्यो पुरुष भने निसङ्कोच बाँचिरह्यो । परम्परागत समाजमा लैङ्गिक विभेदको यो रुप लेखकले केही हदसम्म स्पष्ट रुपमा चित्रण गरेका छन् । सामाजिक यथार्थको यही कुरुप पाटो देखाई उत्पीडित बालविधवा नारी पात्रप्रति पाठकको सहानुभूति जन्माइदिनु यस कथाको उपलब्धि हो ।

समग्रमा लक्ष्मीनन्दन शर्मा चालिसेको कथाकारितालाई हेर्दा उनको कथाकारिता आदर्शबादबाट सुरु भई सामाजिक यथार्थबादमा टुङ्गिएको देखिन्छ । उपन्यास तथा अन्य साहित्यिक रचनाहरूमा पूर्णतः हिन्दु धार्मिक तथा नैतिक सन्देशको सिर्जना गर्ने आदर्शवादी चिन्तनको सीमाभन्दा बाहिर पुग्न नसक्ने लेखक कथामा सामाजिक यथार्थको आलोचकीय

पक्षको चित्र उतार्न अघि सरेका छन् । यसरी हेर्दा थोरै सङ्ख्यामा प्रकाशित भए पनि कथा उनको रचनाहरूको उल्लेखनीय उपलब्धि हुन् ।

## ५.३ लक्ष्मीनन्दन शर्माका फुटकर निबन्धहरूको अध्ययन

लक्ष्मीनन्दन शर्मा चालिसे उपन्यासकार, कवि, कथाकार बाहेक निबन्धकार पनि हुन् । उनका हाल प्राप्त निबन्धहरूका आधारमा हेर्दा उनी वस्तुपरक निबन्धकारका रुपमा देखिन्छन् । उनका निबन्धका कुनै पुस्तककार कृति प्रकाशित नभए पनि उनले लेखेका दश ओटा फुटकर निबन्धहरू प्राप्त छन् । ती निबन्धहरू हुन् : किन रुन्छौ, प्रतिभाको दान, केरा, विनय, पैसा, व्यापार, व्यवसाय, सच्चरित्रता नै उन्नतिको मूल हो, व्यापारको प्रचार कसरी गर्ने, मौका आउँछ पर्खदैन । यिनै निबन्धहरूका आधारमा उनको निबन्धकारिताको मूल्याङ्कन गरिनुपर्छ ।

उनका निबन्ध जानकारीमूलक छन् । खास विषयमा जानकारी दिने उनका निबन्धको विशेष उद्देश्य हो । निबन्धले दिने जानकारीका आधारमा उनका निबन्ध दुई वर्गमा विभाजन गर्न सकिने किसिमका देखिन्छन् ।

१) विचारमूलक
२) सूचनामूलक

विचारमूलक निबन्धहरूमा उनले पूर्वीय अध्यात्म वा आध्यात्मिक दर्शनका आधारमा जीवन, जगत्, ईश्वर, मानिस र प्रकृतिमाथि आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । मानिसले आफ्नो जीवन कसरी सार्थक पार्नुपर्छ भन्ने सन्देश उनका यी निबन्धमा प्रस्तुत गरिएको पाइन्छ । यस्ता निबन्धहरूमा उल्लेख्य निबन्ध हुन :

१) किन रुन्छौ
२) विनय
३) प्रतिभाको दान
४) सच्चरित्रता नै उन्नतिको मूल हो
५) मौका आउँछ पर्खदैन

लक्ष्मीनन्दन शर्मा चालिसेका अरु निबन्धहरू सूचनामूलक छन् । खास वस्तु र विषयसँग सम्बन्धित सूचनाहरू बताइएका यस्ता निबन्धहरूमा अनुनय तत्त्वका सट्टा जानकारी बढी प्रस्तुत भएकाले यी बढी प्रबन्धात्मक र गैरसाहित्यिक बन्न पुगेका छन् । उनका अरु वस्तुपरक उल्लेख्य निबन्धहरू यसप्रकार छन् :

१) केरा

२) पैसा

३) व्यापार

४) व्यवसाय

५) व्यापारको प्रचार कसरी गर्ने

### ५.३.१ लक्ष्मीनन्दन शर्माका विचारमूलक निबन्धहरूको अध्ययन

'किन रुन्छौ' शीर्षक निबन्ध शर्माको विचारप्रधान निबन्धमध्ये एक महत्त्वपूर्ण निबन्ध हो । यसमा पूर्वीय दर्शनअनुसार मानिसको दुःखको कारण र त्यसबाट मुक्त हुने उपाय बताइएको छ । गीताको दर्शनअनुसार निष्काम कर्म गर्न र अनाशक्त हुन पाठकलाई आग्रह गरिएको छ । ब्रह्मा सत्य जगत् मिथ्या भन्ने उक्तिको सारभाव नै यस निबन्धको उद्देश्य हो । सांसारिक मोहजाल नै मानिसको दुःखको कारण हो । सांसारिक वस्तुको भोक्ता होइन द्रष्टा बनेर हेर्न सके मानिस सुखदुःखको चक्रबाट माथि उठी सत्य प्राप्त गर्न सक्दछ भन्ने गहन दर्शन संक्षेपमा यस निबन्धले प्रस्तुत गरेको छ । मानिसका दुःखको कारण ऊ स्वयम् आफैं हो । उसको मनमा नै दुःखको आधार रहेको छ । त्यसैले सुख बाहिर खोजेर भेटिदैन । आफूभित्रको मोह, आशक्ति, काम, क्रोध, मायालाई त्यागन सके मानिस ज्ञानी त्यो व्यक्ति हो जो दुःखमा आत्तिदैन । त्यसैले मेरो, तेरो भन्ने भावना छाडी आफूले यो संसारमा रित्तै आएको गुमाउनका लागि आफूसँग केही नभएको बुझ्नुपर्छ र संसारबाट केही लिएर पनि जान नसक्ने भएकाले सबै मोह त्याग्नुपर्छ भन्ने दर्शन यस निबन्धमा रहेको छ ।

'विनय' शीर्षक निबन्ध पनि शर्माको उल्लेखनीय दार्शनिक निबन्ध हो । यसमा उनले जीवनमा ज्ञानले विनय ल्याउने र अल्पज्ञान वा अज्ञानले अहङ्कार बढाउने कुरा गरेका छन् । विनय भनेको अहङ्कारको उल्टो हो । जसले जीवनको, प्रकृतिको, ईश्वरको बारेमा बोध गर्दछ वा सत्य कुरा बुझेको छ त्यो विनयशील हुन्छ तर सांसारिक मोह, आशक्ति, काम, क्रोध र

लोभले जकडिएको छ त्यो मैखाऊँ, मैलाऊँ भने जस्तो गर्दछ र अरुलाई छिःछि गर्दै आफ्नो अहङ्कार देखाउँछ । तर सच्चरित्र भएका साधु, महात्मा र असल मानिसहरू कहिल्यै अहङ्कार देखाउँदैनन् केवल विनयीभाव राख्दछन् । यही भाव यस निबन्धमा व्यक्त गरिएको छ । मानिस वास्तवमा असल, सफल र महान् हुन विनय आवश्यक छ भन्ने विचार लेखकले प्रभावकारी ढङ्गले व्यक्त गरेका छन् ।

'प्रतिभाको दान' शीर्षक निबन्धमा सबै मानिसमा कुनै न कुनै प्रतिभा हुने तर उपयुक्त वातावरणविना ती प्रतिभा फस्टाउन पाउने वा नपाउने यथार्थ अभिव्यक्त गरिएको छ । लक्ष्मीनन्दन शर्मा चालिसे आध्यात्मिक विचारका निबन्धकार भएका कारण उनले प्रतिभा फल्न फुल्न पाउने वा नपाउने कुरामा ईश्वरको कुनै दोष नभई समाजको र मानिसको दोष देखाएका छन् । सबै मानिस ईश्वरकै सन्तान भएका कारण उनले पक्षपात गर्दैनन् । धनी, गरिब, सहर, गाउँ सबैतिर प्रतिभाको बीउ भगवानले उही रुपमा छरेका हुन्छन् तर कतै त्यो बीउ फुल्छ फल्छ, कतै नफुल्दै ओइलाएर झर्छ भने कतै अङ्कुरण पनि हुन नपाउँदै कुहिएर जान्छ भन्ने कविको विचार यस निबन्धले सम्प्रेषण गरेको छ ।

'सच्चरित्रता नै उन्नतिको मूल हो' शीर्षक निबन्धमा निबन्धकार लक्ष्मीनन्दन शर्मा चालिसेले हाल स्खलित हुँदै गएको मानिसको चरित्रप्रति खेद र चिन्ता व्यक्त गरेका छन् । विद्यार्जनको अर्थ पैसा कमाउनु मात्र होइन चरित्रवान् बन्नु हो । असल चरित्र नभएको मानिस विद्वान् हुन सक्दैन । पढेर मात्र विद्वान् भइँदैन । सच्चरित्र विनाको ज्ञान अपूरो हुन्छ । त्यस्तो अपूरो ज्ञानले कहिल्यै उन्नति हुन सक्दैन । उन्नति भनेको सुख प्राप्ति गर्नु हो । यदि मानिस असल र सच्चारित्रवान् छैन भने उहाँसँग जति धन र सूचना भए पनि ऊ सुखी हुन सक्दैन । सुखी हुन मानिसमा समभाव हुनुपर्छ । अरुको भलो चाहने चरित्र हुनुपर्छ । त्यसो भएन भन्ने उन्नति हुँदैन । उन्नति भनेको जीवन असल, सफल र महान् हुनु हो । त्यसका लागि सच्चरित्र अनिवार्य छ ।

'मौका आउँछ पर्खदैन' शीर्षक निबन्धले जुनसुकै कामको पनि खास मुहूर्त हुने विचार व्यक्त गरेको छ । त्यस्तो मुहूर्तमा काम गर्न नसक्ने व्यक्ति कहिले पनि प्रगति गर्न सक्दैनन् । समय मूल्यवान् छ, त्यसको ठीक सदुपयोग गर्नुपर्छ । समयको महत्त्व नबुझ्ने मानिस काम लाग्दैन । त्यसैले सही लग्नमा काम गर्नुपर्छ । आलस्यले अधोगतितिर लैजान्छ त्यसैले हामीले

उन्नतिमा लाग्नु छ भने मौकालाई चिन्न सक्नुपर्छ र त्यसको सदुपयोग गर्न सक्नुपर्छ भन्ने विचार निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

विवेच्य निबन्धका आधारमा निबन्धकार लक्ष्मीनन्दन शर्मा चालिसे पूर्वीय दर्शनका आधारमा आध्यात्मिक चिन्तन गर्ने वैचारिक निबन्धकार हुन् भन्ने पुष्टि हुन्छ । ईश्वरप्रतिको आस्था, भारतीय दर्शनप्रतिको उनको विश्वास र अध्यात्मले नै जीवनलाई सार्थक र सफल बनाउने लेखकीय मान्यता यी निबन्धमा पाइन्छ । यी निबन्धले त्यसकै आधारमा जीवनलाई मार्गनिर्देश गर्छन् ।

### ५.३.२ लक्ष्मीनन्दन शर्माका सूचनामूलक निबन्धहरू

लक्ष्मीनन्दन शर्माले कृषि, उद्योग, व्यापार जस्ता पेशागत उद्यमीका लागि केही सूचना र जानकारीका लागि तयार पारेका वस्तुपरक प्रबन्धहरू यस वर्गमा पर्दछन् । तिनमा साहित्यिक र कलामूल्यभन्दा बढी उपयोगितामूलक महत्त्व बढी रहेको छ । त्यस्ता वस्तुपरक निबन्धहरूको सामान्य चर्चा मात्र यहाँ आवश्यक ठानिएको छ।

‘केरा’ शीर्षक निबन्धमा लेखकले ‘केरा खेती’ कसरी गर्ने भन्ने जानकारी प्रस्तुत गरेका छन् । केराको प्रकृति, जीवनचक्र, अङ्गप्रत्यङ्ग र विशेषताको वर्णन यस निबन्धमा गरिएको छ । मालभोग, मुङ्ग्रे, अब्री, चिनियाँ, घिउ, रातो आदि केराका प्रजाति तिनका गुण, प्रभाव र उपयोगिता यस निबन्धमा उल्लेख गरिएका छन् । उद्योग पत्रिकाको कृषि स्तम्भमा केराको उपयोगिता बताई कृषकलाई केराखेतीप्रति आकर्षित उपयोगिता बताई कृषकलाई केराखेती गर्दा आवश्यक पर्ने जानकारी दिनु यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

‘पैसा’ शीर्षक निबन्धमा निबन्धकारको विचार पनि मिसिएको छ । पैसा मानिसका लागि नभई हुँदैन । आजको युगमा सबै पैसाकै लागि दगुरिरहेका छन् तर ती सबै मानिसले आफ्नो अन्तःतलमा दबिएर रहेको शक्तिको पहिचान गर्न सकेका छैनन् । पैसाका लागि कसैले त्यसका पछि दगुर्नै पर्दैन आफ्नो आन्तरिक शक्तिलाई चिनेर निर्बलता तथा अल्छीपन हटाउन सके उद्यमी भई हामी पैसालाई पैतालामुनि भेटाउन सक्छौं । त्यसैले पैसा महत्वपूर्ण भए पनि त्यो सारै दुर्लभ वा दुसाध्य वस्तु होइन । हामीले आफ्नो शक्तिको पहिचान गरी उद्योगमा लागे पैसा आफैं हामीतिर दगुर्छ भन्ने यस निबन्धको सार हो ।

'व्यापार' शीर्षक निबन्ध एक वस्तुपरक निबन्ध हो । यसमा निबन्धकार लक्ष्मीनन्दन शर्मा चालिसेले व्यापारको परिचय, महत्त्व र आवश्यकता प्रस्तुत गरेका छन् । त्यसका साथसाथै व्यापार कसरी गर्नुपर्छ भन्ने पनि निबन्धमा उल्लेख गरिएको छ । देश विकास गर्नका लागि, जनताको जीवनस्तर उठाउनका लागि, रोजगार सिर्जना गर्नका लागि, मानिसलाई उद्योगी बनाउनका लागि र विश्वभरि विकसित असल र सभ्य चालचलन आफ्नो देशमा ल्याई खर्चित गराउनका लागि व्यापार महत्त्वपूर्ण छ । व्यापार नाफाका लागि गरिन्छ तर कहिल्यै व्यापारमा कपट गर्नु हुँदैन भन्ने लेखकको सुझाव रहेको छ । छलकपटले क्षणिक लाभ भए पनि जनविश्वास गुम्छ र दीर्घकालीन रुपमा हानि मात्र हुन्छ भन्ने विचार लेखकको छ । यसबाट व्यापारीहरूलाई आफ्नो पेशासम्बन्धी केही सूचना प्राप्त हुनु नै यस निबन्धको प्राप्ति हो ।

'व्यवसाय' शीर्षकको अर्को निबन्धमा निबन्धकार लक्ष्मीनन्दन शर्मा चालिसेले व्यवसायलाई उद्यमको पर्यायका रुपमा प्रयोग गरेका छन् । यही पर्यायवाची शब्दको महत्त्व वर्णन यस निबन्धमा भएको छ । व्यवसायविना कोही सफल बन्न सक्दैन । व्यवसाय नगर्ने अल्छी मानिस सधैँ दरिद्र हुन्छ । ईश्वरको भक्तिले मात्र पनि व्यवसायको फल दिन सक्दैन । ईश्वरको प्रार्थना गर्दैमा सुतेको सिन्का मुखमा मृग पस्तैन, डोकामा पानी भरिदैन । यी सब काम व्यवसायबाट मात्र सम्भव हुन्छन् त्यसैले व्यवसाय गर्नु जरुरी छ । व्यवसाय ईश्वरभन्दा पनि शक्तिशाली छ । यसैको पूजा आराधना गरेमा मानिसको उन्नति हुन्छ । व्यवसायभन्दा उत्तम वस्तु संसारमा अरु केही छैन भन्ने विचार व्यक्त गरी यस निबन्धले मानिसलाई व्यवसायमा लाग्न प्रेरणा दिएको छ ।

'व्यापारको प्रचार कसरी गर्ने' शीर्षक निबन्ध एक व्यावसायिक प्रबन्ध हो । यसमा निबन्धकार लक्ष्मीनन्दन शर्मा चालिसेले व्यापारीले आफ्नो सामानको प्रचार कसरी गरेमा धेरै ग्राहक आकर्षित गरी ब्यापार बढाउन सकिन्छ भन्ने केही उपाय बताएका छन् । व्यापारीले ग्राहकसँग केबल लेनदेनको कुरा नगरी सामानको प्रयोग लाभ आदि बताएर आकर्षित गर्नुपर्छ । मधुरवाणीी एवम् कुराकानी गर्नुपर्छ । ग्राहकको विचार बुझी मित्रता गर्नुपर्छ भन्ने लेखकको विचार छ । व्यापारिक मित्रता पनि सामीजक मित्रताकै एक अंश भएका कारण ग्राहक तथा अन्य व्यापारीसँग मित्रता कायम गर्नुपर्छ । ग्राहकको रुचि आफ्नो सामानप्रति जगाउने प्रयत्न गरी नै रहनुपर्छ । आफ्नो सामानको प्रचारमा अतिशयोक्ति पनि हुन दिनु हुँदैन भन्ने लेखकको विचार व्यापारी वर्गका लागि मात्र होइन सबैका लागि मननीय छ ।

## ५.४ निष्कर्ष

लक्ष्मीनन्दन शर्मा चालिसेका फुटकर रचनाअन्तर्गत उपलब्ध चौध कविता, तीन कथा र दश निबन्धको अध्ययन यसमा गरिएको छ । कवितामा आदर्शवादी तथा परिष्कारवादी कविका रपमा शर्मा स्थापित छन् । उनका कवितामा नैतिक सन्देशका साथसाथै प्रकृति र मानवको प्रशंसा पनि पाइन्छ । वार्णिक तथा मात्रिक छन्दको प्रयोग परिष्कृत रुपमा उनका कवितामा भएको पाइन्छ ।

लक्ष्मीनन्दन शर्मा चालिसेद्वारा लिखित प्राप्त तीन ओटा कथामध्ये एउटा स्वैरकाल्पनिक तथा उडन्तस्तरी आदर्शवादी कथा रहेको छ र दुईओटा सामाजिक यथार्थवादी कथा छन् । 'भोक' र 'बालविधवा' कथाले सामाजिक राजनीतिक व्यवस्थाका कारण सिर्जित कारुणिक जीवनको सत्य देखाएका छन् । निबन्धकारका रुपमा लक्ष्मीनन्दन शर्मा चालिसेको परिचय उनका प्राप्त १० ओटा प्रकाशित निबन्धका आधारमा नै गर्नुपर्ने हुन्छ । उनका निबन्धहरू दुई किसिमका छन् : वैचारिक निबन्ध र सूचनामूलक निबन्ध । पहिलो किसिमका निबन्धले धर्म, नीति, जीवन, जगत्, ईश्वर, प्रकृति, सत्य आदि विषयसँग सम्बन्धित उनको धार्मिक, आध्यात्मिक विचार प्रस्तुत गरेका छन् । दोस्रो किसिमका निबन्धले कुनै उपयोगी विशेष विषयबारे उद्यमीहरूलाई आवश्यक पर्ने सूचना, जानकारी र सूचनाहरूको विवरण प्रस्तुत गरेका छन् । उनका यस किसिमका निबन्धमा साहित्यिक कलामूल्यभन्दा बढी उपयोगितामूलक महत्त्व बढी रहेको छ ।

लक्ष्मीनन्दन शर्मा चालिसेका फुटकर रचनाहरूमा आदर्शवादी वैचारिक आग्रहका साथसाथै राष्ट्रिय भावना पनि पाइन्छ । उनी राष्ट्रिय अर्थतन्त्र उकास्नुपर्ने, विदेशीको देखासिकी गर्न नहुने, स्वदेशी संस्कृतिलाई माया गर्नुपर्ने आग्रह आफ्ना रचनाबाट सार्वजनिक गर्दछन् । यही नै यिनका फुटकर रचनाको विशेषता पनि हो ।

# छैठौं परिच्छेद

# सारांश तथा उपसंहार

प्रस्तुत शोधपत्र 'लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनी, व्यक्तित्व र कृतित्व' को सारांश तथा निष्कर्ष बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

१. पहिलो अध्यायमा शोधकार्यको परिचय प्रस्तुत गरिएको छ । त्यसमा शोधका समस्या, उद्देश्य र औचित्य स्पष्ट पारिएको छ ।

२. दोस्रो अध्यायमा शोधनायक लक्ष्मीनन्दन शर्मा चालिसेको जीवनीका महत्त्वपूर्ण घटना, कार्य तथा उनका व्यक्तित्वका विभिन्न पक्षहरूको चित्रण गरिएको छ ।

३. तेस्रो अध्यायमा लक्ष्मीनन्दन शर्माको प्रकाशित पुस्तकाकार एकमात्र कृति 'एक जोर औँठी' को अध्ययन, विश्लेषण गरिएको छ । त्यस आधारमा प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ ।

   क) 'एक जोर औँठी' पूर्ण मौलिक उपन्यास नभई लेखकको कल्पना र अनुकृतिबाट रचना गरिएको स्वैरकाल्पनिक कथावस्तु भएको आदर्शवादी उपन्यास हो ।

   ख) वि.सं. १९९७ सालमा प्रकाशित भए पनि 'एक जोर औँठी' माध्यमिककालीन नेपाली उपन्यासकै परम्परामा छ । यसका सबै प्रवृत्तिहरू माध्यमिककालीन छन् ।

   ग) हिन्दु धर्म परम्पराअनुसार नारीलाई पतिव्रता, अबोला, आज्ञाकारी बन्नुपर्ने परम्परावादी आदर्शवादी शिक्षा प्रदान गर्नु यस उपन्यासको उद्देश्य हो ।

   घ) विषयवस्तु, पात्रचयन, गठन, भाषाशैली सबे दृष्टिले यस उपन्यासमा आदर्शवादी परम्परा कायम रहेको छ ।

४. चौथो अध्यायमा लक्ष्मीनन्दन शर्मा चालिसेका फुटकर रचनाहरूको अध्ययन विश्लेषण गरिएको छ । त्यसअनुसार उनका प्राप्त चौध ओटा कविता, तीन कथा र दश निबन्ध अनुसन्धेय सामग्रीका रुपमा लिइएका छन् । ती सामग्रीका आधारमा अध्ययनको निष्कर्ष निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ :

   क) लक्ष्मीनन्दन शर्मा चालिसे परिष्कारवादी, आदर्शवादी कवि हुन् । उनका कविता वर्णमात्रिक छन्दमा रचना गरिएका छन् । ती कविताहरूमा उनले विभिन्न विषयको वर्णनका साथै आदर्शवादी विचार व्यक्त गरेका छन् । खर्पन बोक्ने, खेत जोत्ने निम्न वर्गीय किसानको प्रशंसा गर्दै तिनको आदर गर्नुपर्ने मत राखेका छन् । विदेशी

सामान प्रयोग गर्नुको साटो स्वदेशी सामान प्रयोग गरी आफ्नो देशको सेवा गर्नुपर्ने राष्ट्रवादी विचार उनका कवितामा प्रकट भएको छ ।

ख) ईश्वरमा भक्तिभाव राख्नुपर्छ, आफ्नो देशलाई स्वनिर्भर र स्वावलम्बी बनाउनुपर्छ, चरित्रवान् हुनुपर्छ, देशको अर्थतन्त्र बलियो बनाउन उद्यम गर्नुपर्छ, आफ्नो पनलाई माया गर्नुपर्छ भन्ने निष्कर्ष उनका कवितामा पाइन्छ ।

ग) लक्ष्मीनन्दन शर्मा चालिसेद्वारा तीन ओटा कथा प्राप्त छन् । राजा र किसानको मित्रतासँग सम्बन्धित उनको 'भिखारीसँग केको भिख ?' शीर्षक कथा उडन्तस्तरी कल्पनामा आधारित नैतिक सन्देशमूलक आदर्शवादी कथा हो । उनका अरु कथा भन्ने ग्रामीण जनताका पीडाको प्रतिबिम्बन गरिएका सामाजिक यथार्थवादी कथा हुन् । राजनीतिक व्यवस्था तथा समाजमा विद्यमान् सांस्कृतिक परम्परामा रहेका कुसंस्कार वा विकृतिका कारण निर्दोष निम्न वर्गीय मानिसहरूले कसरी दुःख पाएका छन् भन्ने देखाई उनीहरूमाथि सहानुभूति सिर्जना गर्ने लक्ष्यमा 'भोक' र 'बालविधवा' शीर्षक कथा सफल रहेका छन् ।

घ) निबन्धकारका रुपमा लक्ष्मीनन्दन शर्माको योगदानलाई विर्सन मिल्दैन । उनका दुई किसिमका जम्मा दश ओटा निबन्धहरू प्राप्त छन् । ती निबन्धहरूमध्ये वैचारिक ( चिन्तनप्रधान) निबन्धहरूमा पूर्वीय अध्यात्म दर्शनका आधारमा मानिसलाई चरित्रवान् हुन आह्वान गरिएको छ । लोभ, मोह, काम, आशक्ति, वासना आदि त्यागेर अनाशक्त भावले कर्मयोगी बन्न सके जीवन सफल हुन्छ भन्ने निचोड दिन उनका निबन्ध सफल छन् । अर्काथरी निबन्धहरू उपयोगितामूलक उद्देश्यले लेखिएका प्रबन्ध हुन् तिनमा कृषि, व्यापार, व्यवसाय वा अन्य उद्यममा लाग्ने वा लागेका मानिसलाई तत् विषयसँग सम्बन्धित सूचना र जानकारीहरू प्रस्तुत गरिएका छन् । यिनको उद्देश्य पनि साहित्यिक नभई उपयोगीतामूलक रहेको छ । तिनको मूल्याङ्कन पनि कलामूल्यका दृष्टिले हुन सक्दैन त्यसैले लक्ष्मीनन्दन शर्मा चालिसेको निबन्धलेखनको प्राप्ति उनका वैचारिक निबन्धमा प्रकट विचार तथा तिनमा निहित वस्तुपरक निबन्धीय अनुनय र आग्रह नै हो ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली कविता**, लेकाली प्रकाशन (२०४४) ।

चालिसे, पुष्पराज, **नेपालको प्रजातन्त्रको आन्दोलनमा भक्तपुरको भूमिका** (१९९७-२०४७) ।

प्रधान, कृष्णचन्द्र सिंह, **नेपाली उपन्यास र उपन्यासकार** ललितपुर, साझा प्रकाशन ।

बराल, ईश्वर, **हिमालचुली कविता संग्रह**, स.फ. २०१३, पृ.१८ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** दो.सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

त्रिपाठी, वासुदेव, **नेपाली कविता भाग ४,** पृष्ठ १२३ ।

लुइँटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, (२०६०) ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास** (१९७०-२००२) पृष्ठ ७ ।

शर्मा, मोहनराज, **शैलीविज्ञान**, काठमाडौं : ने.रा.प्र.प्र., २०४८ ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम संभव **नेपाली साहित्यको संक्षिप्त इतिहास,** काठमाडौं, साझा प्रकाशन (२०४९) ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि** काठमाडौं : साझा प्रकाशन (२०६२) ।

सुबेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दो.स. २०६४ साझाप्रकाशन ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निवन्ध,** काठमाडौंः पाठ्यसामग्री पसल (२०५६) ।